
नेपाल पर्वत



वर्ष १ अंक २ असार-साउन २०५७

नेपाल पर्वतारोहण संघ



सगरमाथा आरोहणमा नयाँ कीर्तिमान राख्ने विश्व प्रसिद्ध आरोहीहरु (बायाँबाट) : आप्पा शेर्पा, सुश्री लाक्पा शेर्पा, सुश्री पेम्बा डोमा शेर्पा तथा बाबु छिरी शेर्पा

आप्पाद्वारा नयाँ कीर्तिमान कायम

आप्पा शेर्पाले नयाँ विश्व कीर्तिमान कायम गरी छाडे । विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्न गएका विभिन्न टोलीका १७ नेपाली, पाँच अमेरिकी र एक हङकङका नागरिकले जेठ १० र ११ गते शिखरको सफलतापूर्वक आरोहण गरे । जेठ ११ गते शिखर चढ्ने अमेरिकाको एभरेष्ट इनभारनमेन्टल पर्वतारोहण दलका १३ ओरोहीमध्ये एघारपटक सगरमाथा आरोहण गर्ने सोलुखुम्बु थामेका चालीस वर्षीय आप्पा शेर्पा पनि हुनुहुन्छ । अन्य नेपाली आरोहीहरुमा सोलुखुम्बुका पेम्बानुरु शेर्पा, आङरिता शेर्पा, आङनिमा शेर्पा, ल्हाक्पा छिरिङ शेर्पा, पेम्बाछिरिङ शेर्पा, पासाङथाके शेर्पा, कामीरिता शेर्पा, पेमाथोती शेर्पा र दावा जाङ्बु शेर्पा हुनुहुन्छ ।

'हिउँ चितुवा' आङरिता शेर्पाले सर्वोच्च शिखर सगरमाथा दशपल्ट आरोहण गरेर विश्व कीर्तिमान स्थापित गरेपछि पर्वतारोहण जीवनबाट अब संन्यास लिएका छन्, तर आप्पा शेर्पा एघार पटक सगरमाथा आरोहण गरेर नयाँ कीर्तिमान स्थापना गर्न सफल भए । युवा पर्वतारोही आप्पा शेर्पाले गत वर्ष मे महिनामा चीनको तिब्बत स्वशासित क्षेत्रको मार्ग भएर दशौं पटक सगरमाथाको सफल आरोहण गरी आफूलाई आङरिताको समकक्षमा उभ्याएका थिए । अमेरिकी पर्वतारोही बब हफम्यानको नेतृत्वमा रहेको १० सदस्यीय 'एभरेष्ट इन्भायोरमेन्टल एक्सपेडिसन २०००' मा दश आरोहीका साथ संलग्न रहेर यसपल्ट आप्पा शेर्पाले ११ पटक सगरमाथाको सफल आरोहण गरेका हुन् । बब हफम्यानकै नेतृत्वमा रहेको अमेरिकी वातावरणीय अभियान टोलीमा सामेल रहेर सन् १९९८ को मे २० मा आप्पा शेर्पा नवौं पटक सगरमाथा शिखरमा पुगेका थिए ।


सोलुखुम्बुको नाम्चे गाविसस्थित थामेमा सन् १९५८ मा जन्मिएका आप्पा शेर्पाले पहिलोपल्ट १३ वर्ष अघि सक्रिय पर्वतारोहण जीवन शुरु गरेका थिए । शुरुका वर्षहरुमा आप्पा अन्नपूर्ण र धौलागिरी आरोहण गर्न प्रयत्नशील भए पनि उनी त्यसमा विफल भए । आप्पा शेर्पाले न्युजिल्याण्ड आरोहण दलमा सामेल भएर पहिलोपल्ट सन् १९९० को मे १० मा सगरमाथाको सफल आरोहण गरेका थिए ।

"मैले १० वर्षमा १० पल्ट सगरमाथा चढिसकें, तर नाम चल्नु बाहेक केही भएको छैन, नेपाली पर्वतारोहीहरुले देशलाई संसारमा चिनाउन धेरै मिहिनेत गरेका छन्, तर सरकारले पर्वतारोही र तिनका परिवारले भोग्नु परेका समस्या हटाउन खास केही गरेको छैन," आप्पा भन्छन् ।

आप्पा शेर्पाले बताए- 'स्कुल नभएकोले मैले ४ कक्षाभन्दा बढी पढ्न सकिनँ, दुई छोरा र दुई छोरीलाई पढाउने सोचाइ राख्दा पनि पढाउन सकेको छैन र काठमाडौंको एक छिंडीमा जीविकोपार्जन गरेर बस्नुपरेको छ । नेपालले यस वर्षको वसन्त ऋतुमा १२ हिमाल आरोहण गर्न ११ राष्ट्रका ३० पर्वतारोहण टोलीलाई अनुमति दिएको थियो भने जेठ १८ (मे ३१) सम्म हुने वसन्त ऋतुसम्म विभिन्न देशका १४ वटा टोलीले आठ हजार ८४८ मिटर (२९ हजार २८ फिट) उच्च सगरमाथा आरोहण प्रयास गरेका थिए ।

पर्यटन क्षेत्रमा संलग्न कामदारहरुको चुनौती र भविष्य

–बमसिंह राणाभाट



नेपाल प्राकृतिक सौन्दर्यले भरिभराउ भएको देशको रुपमा संसारभरि नै विख्यात छ। यहाँका नदी नाला, हरिया जंगल, दुर्गम पहाडी भेग र सेतै हिउँले ढाकिएका विश्व विख्यात हिमाली श्रृङ्खलाहरु वास्तवमै मनमोहक मात्रै नभएर अत्यन्तै रोमाञ्चक पनि छन्। प्राकृतिक साधन र स्रोतले भरिपूर्ण भएर पनि उत्तरतर्फ साम्यवादी चीन र दक्षिणतर्फ विशाल प्रजातान्त्रिक भारतको बीचमा अवस्थित एउटा सानो र अविकसित हिमाली अधिराज्य नेपालको भ्रमण गर्न वर्षेनी लाखौं विदेशी पर्यटकहरु यहाँ आउने गरेका छन्। अनेकौं देशहरुबाट आउने विभिन्न किसिम र स्तरका पर्यटकहरु मध्ये कोही काठमाडौंबाटै फर्कने गर्छन् भने कोही पोखरा र चितवनसम्म पनि घुम्न जाने गर्छन्। तर कतिपय पर्यटकहरु दुर्गम पहाडी भेग र हिमाली क्षेत्रहरु जस्तै लाङटाङ, अन्नपूर्ण, सगरमाथा वेस क्याम्प लगायतका स्थानहरुमा पदयात्रा गर्न असाध्य नै रुचाउँछन्। विदेशी पर्यटक पदयात्रीहरु मध्ये कतिपय त आफ्नो भारी समेत आफै बोकेर पैदल यात्रा गर्ने गर्छन् भने ती मध्ये केही ट्रेकिङ व्यवसाय गर्ने गरेका विभिन्न व्यवसायिक एजेन्टहरु मार्फत भारी बोक्ने भरियाहरुको व्यवस्था गरेर पैदलयात्रीको रुपमा विभिन्न स्थानमा भ्रमण गर्न पुग्दछन्। यति मात्रै नभएर हिमालहरु चढ्न भनेर आउने गरेका विभिन्न एक्सपिडिसनहरुले समेत नेपाली भरियाहरुको मद्दतबाट सगरमाथा लगायतका हिम शिखरहरु सफलतापूर्वक आरोहणहरु गर्ने गरेको कुरा घामझैं छर्लङ्ग नै छ। दुर्गम हिमाली भेग लगायत विभिन्न हिमालहरुको टाकुरामा भरिया भएर पुग्ने गरेका हाम्रा नेपाली मजदूरहरुका बारे आजसम्म गम्भीरतापूर्वक कसैले सोचेको छ कि छैन ? निधारमा नाम्लोको डाम पारेर खल्खली पसिना काढ्दै दुई पैसा कमाएर आफ्ना जहान छोराछोरी पाल्नु पर्ने बाध्यताका बारेमा सरकार, विभिन्न संघ संस्था र उनीहरुलाई रोजगारी दिएको बहानाबाजी गरेर ठूलो फाइदा लुट्ने पल्केका व्यवसायीहरुले त्यस प्रकारका भरियाहरुको हकहितको संरक्षण र सम्बर्द्धनमा गहकिलो योगदान पुऱ्याउने कुनै सार्थक र खँदिलो प्रयासहरु अहिलेसम्म गरेका छन् कि छैनन् भन्ने जस्ता अहम् प्रश्नहरुले पनि सम्बन्धित सबैलाई घच्घच्याइरहेको प्रतीत हुन्छ।

वास्तवमा भरियाहरुको जिन्दगी सुखले भन्दा पनि दुःखै दुःखले भरिएको हुन्छ। पहाड पर्वततिरको उकाली ओरालीमा हिँड्ने भरियाहरुले आफ्नो भविष्य सँधैभरि असुरक्षित नै रहेको महसूस गर्ने गर्दछन्। यसको प्रमुख कारण नै उनीहरुको कामको कुनै ग्यारेण्टी र स्थायित्व नहुनु हो। आज काम गऱ्यो आजैका लागि ठीक्क हुने र भोलि के खाने कसो गर्ने ? भन्ने समस्याले उनीहरुलाई सँधैभरि नै पिरोलिरहेको हुन्छ। यस्तो अवस्थाबाट उनीहरुलाई मुक्ति दिलाउने प्रयास सम्बन्धित क्षेत्रले गर्ने पर्छ। यस दिशातर्फ सोच्ने पहिलो दायित्व सरकारको हो। सरकारले राम्रोसँग कामको थालनी गऱ्यो भने सम्बन्धित गैरसरकारी संघ संस्थाहरुले पनि सहयोग गर्ने कुरामा कुनै शंका नै छैन।

पर्यटन क्षेत्रसँग सम्बन्धित क्रियाकलापमा संलग्न भरियाहरुको योगदान मेहनत र परिश्रमका बारे जति पनि प्रशंसा गरे पनि थोरै हुन्छ। हिमाली भेगका भरियाहरु खासगरिकन शेर्पा समुदायसँग सम्बन्धित भरियाहरु विश्व विख्यात छन्। सन् १९५३मा सर एडमण्ड हिलारीसँग सगरमाथाको टाकुरामा पुग्ने विश्व विख्यात पर्वतारोही तेन्जिङ शेर्पा पनि प्रारम्भमा भरिया नै हुनुहुन्थ्यो। आज भारी बोकेर हिमालको टुप्पोमा पुग्नेहरुलाई भरिया भन्ने चलन हराउँदै जान थालेको छ। जसलाई भरिया भन्ने गरिन्थ्यो आज उनीहरु नै विदेशीहरुका लागि हिमालको टुप्पोमा पुग्ने बाटो बनाइदिने गरेका छन्। आज उनीहरु पथप्रदर्शक र सरदारको सम्मानले विभुषित छन्। पथप्रदर्शकको रुपमा ट्रेकिङतिर हिँड्ने र सरदारको रुपमा हिमालयहरुका टाकुरामा आफू सहित अरुलाई पुऱ्याउने कार्यलाई कुनै पनि हालतमा चानचुने रुपमा लिन मिल्दैन। अब उनीहरुलाई सकेसम्मको सरसुविधा उपलब्ध गराउन कदापि पनि ढिलो गर्न हुँदैन।

यसका अतिरिक्त विदेशी पर्वतारोही र पदयात्रीहरुले पनि नेपाली भरियाहरुलाई अत्याधुनिक र भरपर्दो तालिम नदिएका पनि होइनन्। इतिहासले पनि त्यसलाई उजागर गरेको छ। किनभने सन् १९२१ को पहिलो ब्रिटिश एभरेष्ट रिसर्च एक्सपिडिसनमा दुर्गम क्षेत्र हिमाली भेगका शेर्पाहरुलाई भरियाको रुपमा सम्मिलित गराइएको थियो। उनीहरुलाई आधारभूत तालिम पनि प्रदान गरिएको थियो। २० औं शताब्दीका पर्वतारोही जर्ज म्यालारी यतिखेर चर्चाको शिखरमा छन्। उनले सगरमाथा सफलतापूर्वक आरोहण गरेको नगरेको बारेमा कसैलाई कुनै पनि जानकारी छैन। तर जर्ज म्यालोरीले आफूसँग सम्मिलित भरियाहरुलाई निकै नै तालिम दिनु भएको थियो। जर्ज म्यालोरीले कुन कुन शेर्पालाई तालिम दिए भन्ने कुरा प्रकाशमा आएको छैन। उनले शेर्पा भरियाहरुलाई डोरी बाँध्ने तरिका र आइस एक्स अर्थात बरफमा प्रयोग गर्ने बञ्चरोको उपयोग कसरी गर्ने भन्ने तालिम दिएको कुरा अनुसन्धान रिपोर्टले जनाएको छ। त्यसैगरी २० औं शताब्दीको प्रारम्भमा बेलायती पर्वतारोही डा. अलेक्जेण्डर केल्लासले पनि शेर्पाहरुलाई भरियाको रुपमा पर्वतारोहणमा संलग्न गराएको कुरा जानकारीमा आइसकेको छ। यसरी विगत लामो समयदेखि भरियाबाट सरदारको पदवीसम्म आइपुग्दा पनि यिनीहरुको विगत, वर्तमान र भविष्यका बारेमा कसैले पनि गम्भीरतापूर्वक सोचेर उनीहरुको हितका लागि सकारात्मक एवं ठोस प्रकारको काम गरेको देखिएको छैन। भरियाहरुको आजसम्म न कुनै इतिहास लेखिएको छ न त उनीहरुको सुनिश्चित भविष्यका बारे सम्बन्धित संघ/संस्था र निकायहरुले नै कुनै चासो राखेका छन् ? यो अत्यन्तै गम्भीर चिन्ताको विषय हो भरियाहरुको जीवन संघर्षपूर्ण र काम चुनौतीपूर्ण भएकोले उनीहरुको सुनिश्चित भविष्यका लागि कुनै न कुनै काम कुनै पनि हालतमा गर्नैं पर्छ। वास्तवमा भन्ने नै हो भने गरिबी र बेराजगारीका कारण भरियाहरुले अत्यन्तै कठिन काम गर्न बाध्य छन्। आमाको गर्भबाट जन्मेर टुकुटुक हिँड्ने अवस्थामा पुग्ना साथ आफ्नो भोको पेट जसरी भए पनि भर्नु पर्ने समस्या नै उनीहरुका निमित्त सबैभन्दा ठूलो चुनौती हो। एकातिर गरिबी र अर्कोतिर भोको पेटको चुनौतीले गर्दा भरिया भएर पथप्रदर्शकको जिन्दगी बिताउँदै आएकाहरुले कहिल्यै पनि विद्यालयमा गएर पढ्ने मौका पाएनन्। आफ्नो मनमा विद्यालय गएर पढ्ने तीब्र इच्छा र आकांक्षा हुँदा हुँदै पनि त्यस्तो इच्छालाई मनमा दबाएर राख्नु पर्ने बाध्यात्मक परिस्थितिले आज सगरमाथा लगायतका हिमालहरु चढेर हिरो बन्न पुगेका कतिपय शेर्पाहरु आफूले विद्यालय गएर पढ्न नपाएकोमा अत्यन्तै दुःखी देखिन्छन्। ती मध्ये केही शेर्पाहरुले हिमाल चढेर कमाएको केही आर्जनबाट आफू जन्मेर हुर्केको दुर्गम गाउँघरमा विद्यालयहरु खोलेर भविष्यका पुस्तालाई शिक्षित बनाई छाड्ने अठोट र अभियानमा लागेका छन्। यो निश्चय पनि अत्यन्तै उत्साहपूर्ण कुरा हो। शेर्पा आरोहीहरुको यस्तो पवित्र अभियानमा मुलुकका सबै वर्ग र पक्षले अनिवार्य रुपमा सहयोग पुऱ्याउनै पर्ने टड्कारो आवश्यकता भइसकेकोलाई शायद अस्वीकार गर्न सकिदैन।

एकातिर यस प्रकारका पर्यटन क्षेत्रमा लागेका भरियाहरु नितान्त अशिक्षित छन् भने अर्कोतिर उनीहरुलाई उचित र व्यवहारिक तालिम दिनुपर्ने आवश्यकता पनि त्यत्तिकै जरुरी छ। धेरै

जसो उनीहरुको हिमचिम युरोपीय मुलुकका पर्वतारोही र पर्यटकहरुसँग हुने गरेको छ । एसियामा जापानीहरुसँग पनि उनीहरुले मिलेर काम गर्ने गरेका छन् । तसर्थ कम से कम अलिकतिसम्म पनि पढे लेखेका भरियाहरुलाई विभिन्न देशको भाषा धेरथोर बोल्न तालिम दिइनु जरुरी छ । भरियाहरुलाई देशको सामान्य नियम कानून, इतिहास, वातावरण प्रदूषण, जनस्वास्थ्य, सन्तुलितभोजन, ट्रेकिङ रुट, जरुरी र इमर्जेन्सी टेलिफोन नम्बरहरु, अन्तर्राष्ट्रिय क्षेत्रमा टेलिफोन गर्ने तौरतरिकाका बारे व्यापक प्रशिक्षण दिइनु पर्दछ । भरियाहरुलाई पनि प्रमाणपत्र अर्थात् लाइसेन्स दिने व्यवस्था गर्दा अझ राम्रो हुन्छ । वास्तवमा त्यसतर्फ सोच्न ज्यादै नै ढिलो हुन थालिसकेको छ । यसका अतिरिक्त पथप्रदर्शक भरिया र सरदारहरुको हक हितको संरक्षण र सम्वर्द्धन त्यतिवेला मात्रै गरेको ठहरिनेछ जब सुनिश्चित भविष्य निर्माण हुने खालको नीति र कार्यक्रम अघिल्तिर ल्याइन्छ । भरियाहरुको स्वास्थ्य बीमा, जीवन बीमा, बालबच्चाहरुको शिक्षादीक्षा, पालनपोषण गर्ने किसिमको विशेष भत्ता, अंगभंग भएमा उपचार खर्चको व्यवस्था गर्नुपर्ने देखिन्छ । भरियाहरुको चौतर्फी विकास, उन्नति र सुनिश्चित भविष्यका लागि एउटा वृत्ति विकास कोष नै खडा गरिनुपर्दछ । यसका लागि संगठित समूह वा संघ/संस्थाको आवश्यकता पर्दछ । हुन त पथप्रदर्शक भरियाहरुको हक हितका नाममा खुलेका संघ/संस्थाहरु पनि थुप्रै नहोलान् भन्न सकिन्न । तर तिनले पनि खासै तवरले प्रभावकारी ढंगमा काम गरेको देख्न सकिएको छैन । धेरै संघ/संस्थाहरु खोल्दैमा पनि केही हुँदैन । बरु निःस्वार्थी ढंगको कुनै एउटौ संस्थाले फलदायीरुपमा धेरै काम गर्न सक्ने प्रचूर सम्भावनालाई कदापि पनि नकार्न सकिदैन । पथप्रदर्शक भरियाहरुको सबैभन्दा ठूलो समस्या भनेकै उनीहरुले दैनिक रुपमा पाउने गरेको ज्याला मजदूरी नै महत्वपूर्ण कुरा हो । उनीहरुको ज्याला मजदूरीको कुनै स्थायी र भरपर्दो स्वरुप छैन । वेरोजगार र सदैव ग्रस्त रहनु परेको अवस्थामा आफूलाई ठूलो जोखिममा पारेर थोरै ज्यालामा पनि उनीहरु काम गर्न तत्पर हुने गर्दछन् । यो उनीहरुको एकप्रकारको बाध्यता नै हो । त्यसो नगरिकन उनीहरुलाई धरै छैन । त्यसो नगरेका खण्डमा बालबच्चाको मुखमा माड लगाउन उनीहरुलई धौ धौ नै पर्छ । कतिपयले त पथप्रदर्शक भरियाहरु माथि निर्मम ढंगले आर्थिक शोषण गरेको पनि देखिएको छ । हालै मात्र त्यस्तै एउटा घटना घटेको छ । दोलखा प्रतिष्ठानले भरखरै मात्र एउटा सगरमाथा आरोहण अभियानको सञ्चालन गरेको थियो । त्यही अभियानका भरियाहरुले आधार शिविरबाट भारी बोकेर लुक्लासम्म पुऱ्याएका थिए । आरोहण दलका टोली नेता पनि आधार शिविरसम्म पुगे । आरोहीहरु सगरमाथा चढेर आधार शिविर नफर्कुञ्जेलसम्म टोली नेता त्यही बस्नु पर्नेमा उनीहरु फर्किनु अघि नै टोली नेता राजधानीमा फर्किसकेछन् । आधार शिविरबाट आरोहण दलका सरदार सँगसँगै भारी बोक्ने भरियाहरु पनि लुक्लासम्मै सँगसँगै आएका थिए । तर दुर्भाग्यवस सरदारसँग भरियाहरुलाई दिने पैसा थिएन । लुक्लाबाटै सरदारले दोलखा प्रतिष्ठानलाई भरियाहरुलाई ज्याला दिने पैसा नभएको जानकारी गराए । तैपनि समयमा रकम प्राप्त नभएपछि सरदार पनि राजधानी फर्कन बाध्य हुने पऱ्यो । सरदार राजधानी आएपछि भरियाहरुलाई जहाजमा ज्याला पठाइदिने कुरा गरे पनि त्यो ज्याला कहिल्यै त्यहाँ पुगेन । पैसा नपाएपछि ६ जना भरियाहरु राजधानीसम्म पनि आइपुगे । तर पनि तिनले पैसा पाउन सकेनन् । आरोहण दलका टोली नेताले प्रतिष्ठानले उठाउने रकम समयमा नउठेकै कारणले उनीहरुलाई ज्याला दिन नसकिएको विचार व्यक्त गरे । स्मरण रहोस् उक्त टोलीमा १४ वर्षीय कान्छा आरोही तेम्बा छिरी शेर्पालाई शिखरमा पुऱ्याउनका लागि स्थापित दोलखा प्रतिष्ठानले विभिन्न व्यक्तिहरुको सहयोग लिए पनि हिउँले खाएको उनको औंला यतिखेर अपरेसन गरेर हटाइएको छ । उनलाई पनि प्रतिष्ठानले वास्ता नगरेको गुनासो सुनियो । यसबाट के देखिन आयो भने एकातिर ज्याला नदिएर भरियाहरुलाई सताउने र अर्कोतिर आरोहण अभियानमा व्यवस्थापनको ठूलो लापरवाही र कमजोरीका कारण किशोर तेम्बा छिरी असफल हुन पुगे । तसर्थ पथप्रदर्शक भरियाहरुलाई ज्याला समेत नदिएर सताउने प्रक्रिया निश्चय पनि राम्रो होइन । श्री ५ को सरकार तथा सम्बन्धित निकायहरुले नै भरियाहरुको भविष्यप्रति चनाखो बनेर उनीहरुको हितमा नीति निर्माण गरेर उचित ज्याला र अन्य सम्पूर्ण सुविधा दिलाउने व्यवस्था गरेको खण्डमा यो क्षेत्र आकर्षणको केन्द्रविन्दु नै बन्न जाने कुरामा कुनै शंका छैन । *(यी लेखकका निजी विचार हुन्)*

प्रथम महिला जुन्को ताबेईले सगरमाथा आरोहण गरेको२५ औं वर्ष

नेपाललाई विश्व सामू चिनाउने प्रमुख माध्यम यहाँका हिमाली श्रृङ्खला र संसारकै सर्वोच्च शिखर सगरमाथा नै हो भन्ने सबैमा जाहेर भएकै तथ्य हो । यस सर्वोच्च धराको चुचुरोमा आजसम्म सयौं मानव पदहरुले आ-आफ्नो चिन्ह अंकित गरिसकेका छन् । कसैले शौखको रुपमा त कसैले अनुसन्धानको रुपमा भने कसैले पेशाको रुपमा सगरमाथा आरोहण गरेका छन् । आरोहण इतिहासको क्रममा विभिन्न विश्व कीर्तिमानहरु पनि स्थापित भएका छन् र थप विश्व कीर्तिमानहरु निरन्तर बन्दै जाने छन् र तोडिदै पनि जाने छन् । यसरी बन्ने विभिन्न विश्व कीर्तिमानहरुको सिलसिलामा आफ्नो एउटा छुट्टै अस्तित्व र अकाट्य कीर्तिमान कायम गर्न सफल श्रीमती जुन्को ताबेईले सन् १९७५ मे १६ का दिन पहिलो पटक प्रथम महिला सगरमाथा आरोहीको रुपमा सगरमाथाको चुचुरोमा सफलतापूर्वक आरोहण गरी विश्व कीर्तिमान कायम गर्नुभएको थियो । उक्त आरोहणबाट विश्व सामू महिलाहरु पनि अन्य विभिन्न क्षेत्रहरु जस्तै सगरमाथा आरोहण जस्तो साहसिक कार्यमा समेत पछाडि छैनन् भन्ने अनुपम उदाहरण प्रस्तुत गर्नुभयो ।

नेपाल पर्वतारोहण संघले समय समयमा पर्वतारोहण क्षेत्रमा कीर्तिमान कायम गरी विशिष्ट योगदान पुऱ्याउने आङरिता शेर्पा, शम्भु तामाङ, काजी शेर्पा, बाबुछिरी शेर्पा, नेपाली प्रथम महिला सगरमाथा आरोही स्व.श्रीमती पासाङ ल्हामु शेर्पा, सर एडमण्ड हिलारी, रेनहोल्ड मेस्नर, मोरिश हर्जोग जस्ता साहसिक व्यक्तिहरुको सम्मान तथा कदर गर्दै आएको छ । यसै सिलसिलामा प्रथम महिला सगरमाथा आरोही श्रीमती जुन्को ताबेईले सगरमाथा आरोहण गरेको २५ औंवर्ष अर्थात रजत जयन्तीको अवसरमा उहाँको साहसिक कार्यको सम्मान तथा कदर स्वरुप यस संघले प्रकाशन गरेको उहाँको तस्वीर अंकित विशेष हुलाक आवरणको प्रथम टाँचा लगाइएको छ ।

श्रीमती जुन्को ताबेईले सगरमाथा आरोहणमा प्राप्त गरेको सफलताले एक अकाट्य विश्वकीर्तिमान त कायम गऱ्यो नै यसले स्वदेशी तथा विदेशी महिलाहरुलाई साहसिक पर्यटनमा संलग्न हुन थप हौसला, उत्साह, जाँगर, प्रेरणा र उर्जा समेत प्रदान गरेको छ । श्रीमती जुन्को ताबेईको साहसिक सगरमाथा विजय यात्राले नेपाल र जापानको प्रगाढ दौत्य सम्बन्ध विस्तारमा एक कोशेढुङ्गा सावित भएको छ ।

-भूमिलाल लामा
महासचिव नेपाल पर्वतारोहण संघ

नेपाल पर्वतारोहण संघद्वारा आरोहण अनुमति पत्र प्रदान गरिने शिखरहरु

	शिखर	उचाइ (मिटर)
१.	मेरा पीक	६६५४
२.	चुलु ईष्ट	६५८४
३.	सिंगुचुली (Fluted Peak)	६५०१
४.	हिउँचुली	६४४१
५.	चुलु वेष्ट	६४१९
६.	कुसुम कांग्रु	६३६७
७.	फर्चामो	६१८७
८.	इम्जात्से (Island Peak)	६१६०
९.	लोवुचे	६११९
१०.	पिसांग पीक	६०९१
११.	क्वांदे	६०११
१२.	रामडुंग	५९२५
१३.	पाल्दोर पीक	५८९६
१४.	खोंमात्से (Mehra Peak)	५८४९
१५.	गञ्जला चुली (Naya Kanga)	५८४४
१६.	पोखाल्दे	५८०६
१७.	थार्पु चुली (Tent Peak)	५६६३
१८.	मार्दी हिमाल	५५८७

वसन्त २००० को पर्वतारोहण गतिविधि

उमेश कुमार सिंह



नेपालमा वसन्त ऋतुको पर्वतारोहण कार्यक्रम मार्च १, २००० देखि सुरु भएर ३१ मई, २००० मा समाप्त भयो । यस ऋतुमा ५३ विदेशी र तीन नेपाली पर्वतारोहण दलहरुले नेपालका १६ विभिन्न हिमशिखरहरुमा पर्वतारोहण कार्य गरे । यस मध्ये १७ दल सगरमाथा (८८४८ मि.), ११ दल आमादवलम (६८१२ मि.), ३ दल अन्नपूर्ण प्रथम (८०९१ मि.), ३ दल वरुन्त्से (७१२९ मि.), २ दल धौलागिरी (८१६७ मि.), १ दल ग्याचुंगकांग (७९५२ मि.), ४ दल कंचनजंजा (८५८६ मि.), २ दल ल्होत्से (८५१६ मि.), ३ दल मनास्लु (८१६३ मि.), २ दल मकालु (८४६३ मि.), १ दल निलगिरी नर्थ (७०६१ मि.), ३ दल पुमोरी (७१६१ मि.), १ दल रामटाङ्ग (६६०० मि.) र १ दल तिलिचो (७१३४ मि.) मा थिए ।

यी दलहरुमा जम्मा ३६१ सदस्यहरु थिए । यसरी औसतमा १ दलमा ६.४ सदस्य पर्न आए । यी ५६ दलहरु विश्वका विभिन्न १८ मुलुकबाट आएका थिए । १२ दल संयुक्त राज्य अमेरिकाका, ९ दल बेलायतका, ५ दल स्पेनका, ४ दल दक्षिण कोरियाका, ३/३ दल नेपाल, अष्ट्रिया, इटाली, जर्मनी र जापानका तथा एक एक दल क्यानाडा डेनमार्क, रुस, अष्ट्रेलिया, मेक्सिको, न्यूजील्याण्ड, जर्जीया र स्वीजरल्याण्डका थिए ।यस ऋतुमा सगरमाथा, कंचनजंगा, मकालु र आमादवलममा सफल आरोहण भयो । ५१ नेपाली तथा ३३ विदेशी आरोहीहरुले यस ऋतुमा सगरमाथा आरोहणमा सफलता प्राप्त गरे ।

यस ऋतुमा धेरै रेकर्डहरु पनि स्थापित भए । नेपालका श्री बाबुछिरी शेर्पाले २० मईका दिन सगरमाथा वेसक्यापबाट सुरु गरी जम्मा १६ घण्टा ५६ मिनेटमा सगरमाथा शिखरमा पुग्न सफल भए । यसरी उनी सबभन्दा छोटो समयमा सगरमाथा आरोहण गर्ने संसारका प्रथम व्यक्ति भए । यो उनको दशौं सफल सगरमाथा आरोहण थियो । यसै गरी श्री आप्पा शेर्पाले २४ मईका दिन ११ औं पटक सगरमाथाको सफल आरोहण गरे । नाम्चे निवासी सुश्री पेम्बा डोमा शेर्पाले १९ मई २००० का दिन तिब्बत तर्फबाट सगरमाथाको आरोहण गरी उत्तरी मोहडाबाट सगरमाथा आरोहण गर्ने प्रथम नेपाली महिला भइन् ।

संखुवासभा निवासी सुश्री ल्हाक्पा शेर्पाले १८ मईका दिन सगरमाथाका सफल आरोहण गरी सगरमाथा आरोहण गर्ने दोस्रो नेपाली महिला भईन ।यसै गरी यस ऋतुमा दोर्जी शेर्पाले ८ औं पटक र ल्हाक्पा गेलु शेर्पाले सातौं पटक सगरमाथा आरोहण गरे । १४ वर्षीय बालक तेम्बा छिरी शेर्पाले सगरमाथा आरोहणमा रेकर्ड स्थापित गर्ने उद्देश्य लिई आरोहण कार्य गरेका थिए तर ८८२६ मि. मा पुगेपछि आँखामा पीडा र हातका औंलाहरु हिउँले खाएकोले गर्दा उनी फर्किनु पऱ्यो । यस प्रयासमा उनका दुवै हातका गरी पाँचवटा औंलाहरु काट्नु पऱ्यो । यसरी अब उपरान्त आरोहण अनुमति दिंदा रेकर्ड स्थापित गर्ने मात्र उद्देश्य लिई आफ्नो ज्यानलाई खतरामा पर्ने शारिरिक शक्ति कम भएका नाबालक र वृद्धहरुलाई अनुमति दिने कि नदिने ? यो प्रशन पनि विचारणीय देखिन्छ ।

यस ऋतुमा जर्मनीका पर्वतारोही श्री बर्नाड मेहनर्डको मकालुमा र नेपालका पर्वतारोही आङ्ग दावा तामाङ्गको कंचनजंगामा दुःखद निधन भयो ।

सगरमाथा आरोही प्रथम महिला श्रीमती जुन्को ताबेईले सगरमाथा आरोहण गरेको २५ औं वर्ष (रजत जयन्ती) अवसरमा संघका प्रथम उपाध्यक्ष आङछिरी शेर्पाको अभिमत

विश्वका चौधवटा ख्यातिप्राप्त आठहजार मीटर अग्ला हिमशिखरहरुमा आठवटा हिमशिखरले बास गरेको नेपाल नेपाली हिम श्रृङ्खलाको लागि संसारभर नै प्रसिद्ध छ । यसमध्ये पनि संसारकै सर्वोच्च विन्दुको रुपमा रहेको सगरमाथा त झन नेपालकै अमूल्य गहना नै हो । संसारको तेस्रो ध्रुवको रुपमा रहेको चिरपरिचित सगरमाथा विश्वका तमाम साहसिक मानव जातिको लागि एक कठिन चुनौती रहँदै आएको छ । सन् १९२४ मा जर्ज म्यालोरी र ईर्भिनबाट शुरु भएको सगरमाथा आरोहणको यात्राले आजसम्म विशेष इतिहास नै खडा गरिसकेको छ । समयको यस अन्तरालमा सगरमाथाको आरोहणमा अनेकौं किसिमका कीर्तिमान कायम राख्ने र तोडिने क्रम हालसम्म पनि निरन्तर रुपमा जारी नै छ ।

सगरमाथाको आरोहणमा प्रथम पटक सफलता हासिल गरी विश्व कीर्तिमान कायम गर्ने जीवित इतिहास सर एडमण्ड हिलारी भए जस्तै सगरमाथा आरोहणको इतिहासमा श्रीमती जुन्को ताबेईको नाम प्रथम महिला सगरमाथा आरोहीको रुपमा सदा स्वर्णाक्षरमा अंकित भैरहनेछ । उनै प्रथम महिला सगरमाथा आरोहीले शिखर चुमेको २५ औं वर्ष, रजत जयन्तीको अवसरमा नेपाल पर्वतारोहण संघले उहाँको सम्मान तथा कदर स्वरुप विशेष हुलाक आवरणको प्रकाशन गरेको छ ।

श्री ५ बाट पर्वतारोहीलाई दर्शन भेट बक्स


श्री ५ महाराजाधिराजबाट सबैभन्दा छोटो समयमा सगरमाथा आरोहण गर्नुहुने बाबुछिरी शेर्पालाई जेठ २६ गते राजदरबारमा दर्शन भेट बक्स्यो ।

श्री शेर्पाले यही जेठ ८ गते १६ घण्टा ५६ मिनेटमा विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्नुभई विश्व कीर्तिमान कायम गर्नुभएको थियो ।

यस अवसरमा मौसूफका जुनाफमा श्री शेर्पाले गत वर्ष कृत्रिम अक्सिजनको प्रयोग नगरी २१ घण्टा सगरमाथाको शिखरमा बिताई विश्व कीर्तिमान कायम गर्नु हुँदा फहराइएको नेपाल राष्ट्रिय झण्डा चढाउनुभयो ।

यस्तै मौसूफबाट चीनको स्वशासित क्षेत्र तिब्बतको बाटो गरी उत्तरी मोहडाबाट यही जेठ ६ गते सगरमाथाको सफल आरोहण गर्नुहुने प्रथम नेपाली महिला सुश्री पेम्बा डोमा शेर्पालाई राजदरबारबाट दर्शनभेट बक्स्यो ।

दर्शनभेटका अवसरमा श्री ५ महाराजाधिराजका जुनाफमा सुश्री शेर्पाले पनि सगरमाथाको शिखरमा आफूले फहराउराउनु भएको राष्ट्रिय झण्डा चढाउनुभयो ।



श्री ५ महाराजाधिराज सगरमाथा आरोहणमा नयाँ विश्व कीर्तिमान कायम गर्ने नेपाली पर्वतारोही बाबुछिरी शेर्पालाई जेठ २६ गते नारायणहिटी राजदरबारमा दर्शनभेट बक्सँदै ।

नेपालकी दोस्री छोरी सगरमाथाको चुचुरोमा



पासाङ ल्हामु शेर्पाले सगरमाथा शिखरमा पहिलो पटक पाइला टेकेको सात वर्षपछि अर्की नेपालकी छोरी लाक्पा शेर्पा जेठ ५ गते (२०५७) चुचुरोमा पाइला राख्न सफल हुनुभएको छ ।

महिला सहस्राब्दी अभियानको वसन्त २००० टोली नेताको रुपमा सहभागी २७ वर्षीया लाक्पा जेठ ५ गते विहान ६:३० बजे सगरमाथा शिखरमा पुगिन् । उनीसँगै सो दलका सहयोगी पथप्रदर्शक आङ पूर्वा शेर्पा, आङ पासाङ शेर्पा तथा मिङमा शेर्पा पनि शिखरमा पुगी एक घण्टासम्म त्यही बिताएका थिए ।

सुष्मा मेमोरियल ट्रष्टको आयोजनामा भएको सो आरोहण अभियानका अन्य सदस्यहरुमा सोलुखुम्बुकी मिग्मा याङजी शेर्पा, दावा याङजी शेर्पा, डोल्मा शेर्पा र कासाङ डिकी शेर्पा समावेश थिए ।

सर्वोच्च शिखरमा पाइला टेकेर सगरमाथाको सफल आरोहण गर्ने दोस्रो नेपाली महिला सगरमाथा आरोही बन्ने लाक्पा शेर्पाको जन्म २०३० सालमा संखुवासभा जिल्लाको बालखर्कमा भएको थियो ।

सात वदिदी बहिनी र तीन दाजुभाइ भएको परिवारकी सातौं छोरीका रुपमा लाक्पाको जन्म भएको र उनले सन् १९९२ मा साहसिक क्षेत्रमा काम शुरु गरिन् । उनले मनाङ जिल्लमा पर्वतारोहण तालिम लिई मोरा र नवाल शिखरको आरोहण गरेकी छिन् ।

सन् १९५७ मा जुनको तावेइले पहिलो पटक महिला आरोहीको रुपमा शिखरमा पाइला टेक्न सफल भएपछि अहिलेसम्म विभिन्न राष्ट्रका ५५ जना महिलाले सो शिखरका आरोहण गरिसकेका छन् । सन् १९५३ मा तेन्जिङ वनोर्गे शेर्पा तथा एडमण्ड हिलारीले पहिलो पटक सगरमाथाको सफल आरोहण गरेपछि अहिलेसम्म झण्डै नौ सय जनाले शिखरको सफल आरोहण गरिसकेका छन् भने आरोहणका क्रममा १८० जनाले ज्यान गुमाएका छन् ।

थामेमा पर्वतारोहण प्रशिक्षण

नेपाल पर्वतारोहण संघ र ईको हिमालको सम्युक्त आयोजनामा अप्रिल ३ देखि अप्रिल २५, २००० सम्म सोलुखुम्बुको थामेमा सञ्चालन भएको **Female Outdoor Leadership Training** सफलतापूर्वक सम्पन्न भएको छ । उक्त तालिममा जम्मा १३ जना महिला प्रशिक्षार्थीहरु सहभागीहरु थिए । सुश्री ल्हमु छोटी शेर्पाले संयोजन गर्नुभएको उक्त तालिममा नेपाली प्रशिक्षक दा छिरी शेर्पा र अष्ट्रियन प्रशिक्षक हवर्ट मेयरहोफेरले प्रशिक्षण दिनुभएको थियो । गत वर्ष १५ जना महिलाहरुलाई संलग्न गराई यस्तै खालको तालिम अन्नपूर्ण क्षेत्रमा सफलतापूर्वक संचालन गरिएको थियो ।

महिलाहरुलाई मात्र प्राथमिकता दिई संचालन गरिएको उक्त तालिममा प्रशिक्षार्थीहरुलाई पदयात्रा पर्वतारोहण सम्बन्धी न्यूनतम जानकारी, ढुंगेभीर आरोहण, पाल टाँग्ने, प्राथमिक उपचार गर्ने लगायत वातावरण संरक्षणसम्बन्धी ज्ञान प्रदान गरिएको थियो ।

यसैगरी संघ र ईको हिमालकै संयुक्त आयोजनामा सोलुखुम्बुको थामेमा **Advance Mountaineering Training** सम्पन्न भयो । उक्त तालिममा दुईजना महिला र ८ जना पुरुष गरी १० जना नेपाली र १ जना पाकिस्तानी सहित जम्मा ११ जना प्रशिक्षार्थीहरु लाई दुई जना नेपाली प्रशिक्षकहरु ल्हाक्पा नोर्बु शेर्पा र किलुतेम्बा शेर्पा का साथै दुई जना अष्ट्रियन प्रशिक्षकहरु **Herbert Mayrhofer** र **Joaannes Assem** ले प्रशिक्षण दिईरहनुभएको छ । उक्त तालिम आगामी मे २५, २००० सम्म संचालन हुने छ ।

प्रधानमन्त्री कोइरालाद्वारा सगरमाथा आरोहीहरु सम्मानित

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले विश्वकै सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेर विश्व कीर्तिमान कायम गर्ने नेपालीहरुले नेपालको गौरव बढाएको बताउनुभएको छ । प्रधानमन्त्री कोइरालाले नेपाली महिला सहस्राब्दी सगरमाथामा आरोहण अभियान वसन्त २०००, सुष्मा कोइराला मेमोरियल ट्रष्टले आयोजना गरेको ऐतिहासिक कीर्तिमान कायम गर्ने नेपाली सगरमाथा आरोहीहरुको सम्मान गर्न जेठ १६ गते आयोजित कार्यक्रममा सो कुरा बताउनुभएको हो ।

प्रधानमन्त्री कोइरालाले नेपाली महिलाले सगरमाथाको सफल आरोहण गरेर उत्साहपूर्ण कार्य गरेको चर्चा गर्दै यस कार्यमा पर्वतारोही महिलाहरुले पाएको सफलता सम्पूर्ण नेपाली महिलाको सफलता भएको विचार व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री कोइरालाले यस सहस्राब्दीमा सगरमाथा चढ्ने प्रथम महिला लाक्पा शेर्पा, उत्तरी मोहडाबाट सगरमाथाको सफल आरोहण गर्ने प्रथम नेपाली महिला पेम्बा डोमा शेर्पा, हालसम्मको सबभन्दा छोटो समय १६ घण्टा ५६ मिनेटमा सगरमाथाको सफल आरोहण गर्ने बाबुछिरी शेर्पा र ११ औं पटक सगरमाथाको सफल आरोहण गर्ने आप्पा शेर्पालाई फूलमाला तथा खादा प्रदान गरेर सम्मान गर्नुभयो ।

राजसभा स्थायीसमितिका सभापति केशरजंग राजयमाझीले सफल आरोहीहरुलाई बधाई दिदै नेपाली महिलाहरुको सफल आरोहणले नेपालकै प्रतिष्ठा बढेको र नेपाली महिला हरेक क्षेत्रमा अघि बढ्न सक्छन् भन्ने पुष्टि गरेको विचार व्यक्त गर्नुभयो ।



सगरमाथाको उत्तरी मोहडाबाट शिखरको सफल आरोहण गर्ने प्रथम नेपाली महिला तथा सगरमाथा शिखरमा पुग्ने तेस्रो नेपाली महिला पेम्बा डोमा शेर्पा



प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला सगरमाथा आरोहणमा विश्व कीर्तिमान कायम गर्ने आरोहीहरुलाई सम्मान गर्ने क्रममा ।

विपक्षी दलका नेता तथा नेपाल कम्युनिष्ट पार्टी, एमालेका महासचिव माधवकुमार नेपालले सर्वोच्च स्थानमा पुग्नेलाई अन्य कुनै पनि कुरा असम्भव नहुने बताउँदै पर्वतारोहीको यो उत्साह र साहसले नेपालको उचाई थपेको विचार व्यक्त गर्नुभयो । मृत्युलाई पनि जित्ने साहस बोकेर सगरमाथा आरोहणमा कीर्तिमान कायम गर्ने नेपाली महिला तथा पुरुषका यस कार्यलाई आगामी दिनमा सबैले ऐतिहासिक अभियानको रुपमा लिइने नेता नेपालले बताउनुभयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री तारिणीदत्त चटौतले सगरमाथाको शिखरमा पाइला राख्ने नेपाली महिलाको साहसले अन्य नेपाली महिलालाई पनि उत्साहित पारेको विचार व्यक्त गर्नुभयो । मन्त्री चटौतले पहिले बाबुछिरी शेर्पाले १६ घण्टा ५६ मिनेटमा सगरमाथाको आरोहण गरेको खबर आएपनि पछि बाबुछिरीले आफै १६ घण्टा ५६ मिनेटमा चढेको बताउनुभएकोले नेपालीहरु साहसी मात्र हैन, इमान्दार पनि हुन्छन् भन्ने कुराको पुष्टि गरेको बताउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका उपाध्यक्ष तथा पूर्व सांसद डा. प्रकाशचन्द्र लोहनीले पर्वतारोहीहरुको उत्साह र सफलताबाट सम्पूर्ण नेपाली गौरवान्वित भएको विचार व्यक्त गर्दै उहाँहरुको उत्साह र प्रेरणा सिंगो नेपालको सम्पत्ति र गौरव भएको बताउनुभयो । डा. लोहनीले विदेशीहरुको सहयोगविना खुट्टा उचाल्न नसक्ने स्थितिमा नेपालीले नै आफ्नै स्रोत र साधनको प्रयोग गरेर पाएको ऐतिहासिक सफलता प्रशंसनीय भएको उल्लेख गर्नुभयो ।

सम्मान समारोहका अध्यक्ष तथा नेपाली महिला सहस्राब्दी सगरमाथा आरोहणअभियान वसन्त २००० का अध्यक्ष सुजाता कोइरालाले प्रजातन्त्रमा सबैले समान अवसर पाउने विचार व्यक्त गर्दै साहीं अनुरुप नै पिछडिएका र कमजोर भनिएको नेपाली महिलाले सगरमाथाको सफल आरोहण गरेर ऐहिासिक कार्य गरेको बताउनुभयो ।

समारोहमा आयोजक समितिका उपाध्यक्ष आग छिरिंग शेर्पा महासचिव भूमिलाल लामा पनि मन्तव्य व्यक्त गर्नुभएको थियो भने कोषाध्यक्ष पुष्प थपलियाले दाताहरुबाट सो आरोहण अभियानको लागि १९ लाख ९६ हजार ५५६ रुपियाँ नगद र ११ लाख १७ हजार पाँचसय रुपियाँ बराबरको सामग्री र सेवा उपलब्ध भएको जानकारी गराउनुभयो ।

मन्त्री चटौतले लाक्पा शेर्पा, बाबुछिरी शेर्पा र आप्पा शेर्पालाई सफल आरोहणको प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

यसैगरी, उत्तरी मोहडाबाट सगरमाथाको सफल आरोहण गर्ने प्रथम नेपाली महिला पेम्बा डोमा शेर्पालाई चिनियाँ राजदूत चांग सुयांगले प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

मन्त्री तारिणीदत्त चटौत र सुजाता कोइरालाले सो अभियानमा सहयोग गर्ने सम्पूर्ण व्यक्तिलाई प्रशंसा पत्र प्रदान गर्नुभयो ।

यसअघि, सफल आरोहीहरुको सम्मानमा एक नागरिक जुलुसले शहरको विभिन्न भागको परिक्रमा गरेको थियो ।

लाक्पा शेर्पाले जेठ ५ गते, पेम्बा डोल्मा शेर्पाले जेठ ६ गते, बाबुछिरी शेर्पाले जेठ ८ गते र आप्पा शेर्पाले जेठ ११ गते सगरमाथाको सफल आरोहण गरेका थिए । उहाँहरुको अतिरिक्त अन्य सफल तथा असफल नेपाली र विदेशी पर्वतारोहीहरुलाई पनि प्रशंसा पत्र प्रदान गरिएको थियो ।

सगरमाथा सफाइ अभियान सम्पन्न

जर्मनीको एसोसिएसन फर ट्रेक्स एण्ड एक्स्पीडिसन टुरिज्म नामक संस्था र नेपालको द एक्स्प्लोर नेपाल ग्रुपको संयुक्त तत्वावधानमा खुम्बु क्षेत्रतर्फको सगरमाथा सफाइ अभियान सम्पन्न गरिएको छ । द एक्स्प्लोर नेपाल ग्रुपका व्यवस्थापन निर्देशक भरत बस्नेतले खुम्बु क्षेत्रमा बैशाख २५ गतेदेखि जेठ ९ गतेसम्म सञ्चालन गरिएको सो अभियानमा जर्मनी, अष्ट्रिया, स्वीट्जरल्याण्ड र नेपालका गरी ४२ सदस्यीय टोलीले कुल चालीस बोरा विभिन्न किसिमका फोहोर संकलन गरेको जानकारी दिनुभयो ।

दलका सदस्य क्रिस्टोफ साक्सेनमेलरले पर्यटकबाट मात्र नभई स्थानीय बासिन्दाबाट पनि फोहोर गर्ने काम भइरहेकाले स्थानीय जनतामा पनि सरसफाइसम्बन्धी चेतना आवश्यक रहेको विचार व्यक्त गर्नुभयो ।

लुक्लादेखि स्याङ्बोचे हुँदै गोक्यो र लुक्लासम्म पुगेको सो दलले संकलन गरेका फोहोरमा प्लाष्टिक, वियरका क्यान, मिनरल वाटरका बोटल, थोत्रा जुत्ता, कपडा तथा सिसी रहेको बताइएको छ ।

'पर्यटकीय महत्वका हिमाली क्षेत्र र पदयात्रा क्षेत्रका स्थानीय बासिन्दा र त्यस क्षेत्रमा जाने पर्यटकहरु दुवैलाई वातावरणप्रति सचेत गराउनु जरुरी छ' सगरमाथा सफाइ अभियानमा संलग्न क्रिस्टोफ साक्सन्म्यालरले भन्नुभयो- विदेशीहरुले आएर एकपटक सफाइ गर्दैमा यस्ता क्षेत्रका फोहोरसम्बन्धी समस्या समाधान हुन्छ भन्ने छैन यसका लागि स्थानीय जनताले पनि दायित्वबोध गर्नुपर्छ ।

यसैगरी, जर्मनीका सामाजिक कार्यकर्ता ओलिर कोयचर्टले विभिन्न देशहरुमा पर्यटनबाट वातावरण र सांस्कृतिक दुवैमा नकारात्मक असरहरु परेको उल्लेख गर्दै एटीईले पर्यटकीय क्षेत्रका फोहोर संकलन मात्र नगरी पर्यावरणीय पर्यटनको महत्वबारे जनचेतना जगाउने कार्यसमेत गर्दै आएको छ भन्नुभयो । द एक्स्प्लोर नेपाल ग्रुपका प्रबन्ध निर्देशक भरत बस्नेतले पदयात्रा क्षेत्रमा मुनाफाका लागि बोतल तथा बट्टा बन्द वियर, चिसो पेय, चाउचाउ प्लाष्टिकका प्याकेटहरुमा बन्द खानेकुरा बेच्ने गरेका कारण त्यसले फोहोरको समस्या पैदा गरेको उल्लेख गर्दै पर्यटकीय क्षेत्रमा फोहोरको समस्याले गर्दा पर्यटकहरुको आगमनमा समेत पर्ने नकारात्मक प्रभावबारे सचेत हुनु जरुरी भएको बताउनुभयो ।

द एक्स्प्लोर नेपाल ग्रुपको सहयोगमा एटीईद्वारा सञ्चालित उक्त पाँचौ वार्षिक 'एटीई क्लिन अप ट्रेक २०००' अन्तर्गत यस पटक खुम्बु क्षेत्रबाट ४० बोरा विभिन्न किसिमको फोहोर संकलन गरिएको थियो । संकलित फोहोरहरुमा प्लाष्टिक, वियरका क्यान, मिनरल वाटरका बोतल, थोत्रा जुत्ता, कपडा, व्याट्री तथा सिसी आदि रहेका छन् । जलाउँदा वातावरणमा असर नपर्ने फोहोरहरु जलाइएको र वातावरणीय दृष्टिले घातक फोहोरहरु (व्याट्रीजस्ता) युरोप पठाउने व्यवस्था गरिएको जनाइएकोछ ।

जर्मनी, अष्ट्रिया, स्वीट्जरल्याण्ड र नेपालका गरी ४२ सदस्यीय उक्त 'सगरमाथा सफाइ अभियान' दलले लुक्लादेखि स्याङबोचे हुँदै ग्योक्योसम्म सो अभियान सञ्चालन गरेको थियो ।

गत वैशाख २२ गते एटीईका प्रतिनिधि कृष्ण जीसीको संयोजनमा गएको उक्त टोली जेठ ९ गते काठमाडौं फर्किएको थियो । काठमाडौं फर्किएपछि उक्त टोलीले श्री ५ को सरकार, जनसंख्या तथा वातावरण मन्त्रालय र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पदयात्रामा जाने पर्यटकहरुलाई वातावरणीय एक खुलापन लेखी सूचना र जानकारीहरु दिइनुपर्ने, बोतलबन्द पेयपदार्थ र प्याकेजिङ गरिएका खाद्यान्नका ठाउँमा स्थानीय खाद्यान्न र पेय पदार्थको प्रयोग गर्न प्रवर्द्धन गर्नुपर्ने, पदयात्रा क्षेत्रबाट आफूले प्रयोग गरेका फोहोर फिर्ता ल्याउने व्यवस्था गर्नुपर्ने र ट्राभल र ट्रेकिङ एजेन्सीहरुलाई वातावरणीय विषयमा उच्च जिम्मेवार बनाउनुपर्ने लगायतका सुझावहरु दिएको छ ।

यसैगरी, सफाइ अभियानको सहसंयोजक द एक्स्प्लोर नेपाल ग्रुपले हरेक पर्यटकीयस्थलमा आवश्यकतानुसार मात्र होटल, लज सीमित संख्यामा खोल्न दिइनुपर्ने, प्रत्येक पर्यटकबाट वातावरणीय र सांस्कृतिक प्रदूषण हुन नदिनका लागि हिमाल आरोहणको नियम कानुन सरह धरौटी लिई प्रदूषण नगरेको प्रमाणित भएपछि मात्र धरौटी फिर्ता गर्ने प्रावधान राखिनु पर्ने सहितका विभिन्न २१ वटा सुझावहरु प्रस्तुत गरेकोछ ।

बज्रयोगिनीमा सफाई

विश्व वातावरण दिवसका अवसरमा नेपाल पर्वतारोहण संघले धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्व राखेको साँखु स्थित बज्रयोगिनी मन्दिर परिसरको सरसफाई गर्ने काम सम्पन्न भयो ।

जून ५, सन् २००० (२०५७ जेठ २३ गते) बज्रयोगिनीको मन्दिर, पौवा तथा मन्दिरसम्म पुग्ने बाटो, भञ्याङ वरपरका प्लाष्टिकका झोला तथा पाकेटहरु बटुलेर सरसफाई गर्ने कामको लागि संघका पदाधिकारी, कार्यसमिति सदस्यहरु, विभिन्न समितिका सदस्यहरु तथा कर्मचारीहरु सहित जम्मा ५० जनाको सहभागिता थियो । सरसफाईबाट बटुलेका करीव १५ बोरा फोहोर मैलाहरु जलाउन हुने र नहुने छुट्याई जलाउने कार्य गरियो भने प्लाष्टिकका थैलाहरु खाल्डो खनी पुर्ने कार्य भयो ।

विश्व वातावरण दिवस मनाउने क्रममा विगतमा संघले नक्साल, काठमाण्डौस्थित नन्दिकेश्वर मन्दिरको जिर्णोद्धार तथा टेकु दोभान सरसफाई गरेको थियो ।

हिमाल हेरी राम्रो मायाँ लाउ

-अच्युतरमण अधिकारी

माथि हेर्दा हिमालमा
मुस्काउने मोती,
मेरो सानो संसारमा
यै हो प्यारो कीर्ति ।

आज हामी हाँसी-हाँसी
चढ्दै जान्छौं माथि,
कता कता मैलो मैलो
बन्न लाग्यो छाती ।

जहाँ हाँसो पार्वतीको
हाँसिदिने गर्थ्यो,
आज नयाँ पार्वतीको
बढ्यो मीठो हाँसो ।

प्रीति बोकी हृदयमा
चढी जानेलाई,
बुई बोक्यो हिमालले
हेरी हामीलाई ।

संसारको अग्लो ठाउँ
हिमाल हो हाम्रो,
टाढाबाट हेर्दाखेरी
देख्छौं राम्रो राम्रो ।

हिमालको प्यारो छायाँ
हृदयको मायाँ,
कति राम्रो लाग्छ गाँठे
नेपालको काया ।

लौ त साथी मुस्कुराऊ
हिमालमै जाऊ,
आफ्नो मुटु यै हो हाम्रो
राम्रो मायाँ लाऊ ।

'म शिखरभन्दा २२ मिटर तलबाट फर्किएँ'



बुद्धजयन्तीमा सर्वोच्च शिखर चुम्ने मेरो ठूलो धोको थियो । त्यसका लागि मैले बुद्धको प्रतिमा पनि लिएर गएको थिएँ । शिखरमा बुद्धको प्रतिमा राखेर मैले आफ्नो र आफ्नो उमेरको लाखौं किशोरका तर्फबाट श्रद्धा व्यक्त गर्ने हार्दिक अभिलाषा राखेको थिएँ ।

मेरो अझ ठूलो आकांक्षा त सगरमाथा सवैभन्दा कान्छो आरोही बन्ने थियो । गत वर्ष पोखराका अरविन तिमिल्सिनाले १५ वर्षको उमेरमा आरोहणका लागि गर्नुभएको पहललाई निरन्तरता म दिन चाहन्थे । कुनै विदेशीलाई कान्छो आरोही बन्न दिनुभन्दा म १४ वर्षको उमेरमै त्यो कीर्तिमान राख्न चाहन्थे ।

मसँग मेरा काका फुर्वाठिले र गुरु सरदार दाडिमा हुनुहुन्थ्यो । म ढुक्क थिएँ शिखर पुग्न सक्छु भनेर, तर मौसम र मेरो स्वास्थ्यले साथ दिएन । (मौसम त यसपाला धेरै नराम्रो थियो) म शिखर पुगें पुगें भइसकेको थियो, जम्मा २२ मिटर त बाँकी थियो नि, तर मेरा गुरु सरदार दाडिमाले मलाई रोक्नुभयो ।

मैले शिखरभन्दा २२ मिटर तलबाट त्यसै फर्किनु परेको होइन । मैले दायाँ हातका चारवटा र बायाँ हातका दुईवटा गरी छवटा औंला हिउँले खाएको थियो । आफ्नो लक्ष्य पूरा गर्न नसक्ने भएँ भनेर मलाई साह्रै दुःख लाग्यो । त्यति माथि पुगिसकेपछि अभियान रोक्नुपर्दा अरुलाई पनि यस्तै हुन्छ होला ।

मेरो हातका औंला हिउँले खाएको देखेपछि खतरा जस्तो महसुस गरी सरदार दाडिमा सरले मलाई फर्कनुपर्छ भन्नुभयो । त्यसपछि हामी दुवै जना तल फर्क्यौं । त्यस बेला हाम्रो टोलीमा रहेको रामकृष्ण श्रेष्ठ केही बेर मात्र हामीभन्दा अघि थिए । उनले मलाई पनि आऊ आऊ शिखर आउनै लाग्यो भनेर बोलाएका थिए । मलाई जाने मन त लागेको थियो, तैपनि सरदारको सल्लाहलाई नमान्न म कसरी सक्थे र ?

हामी दुई जना तल फर्केर साउथ समिटबाट केही तल तातोपानी र चक्लेट खाएर बसिरहेको बेला रामकृष्ण आइपुगे । उनी शिखर चढेर फर्केका थिए । त्यसपछि हामीसँगै आधार शिविरतिर झर्‍यौं ।

मेरो आरोहण अभियानमा सरसामानहरु राम्रै थिए । साउथ समिटमा बस्ने दिन राति जानुपर्ने भएकोले जुत्ता लगाउँदा हातमा लगाएको पञ्जाबाट चिसो हावा पसेपछि हात चिसो भयो । मैले हात तताउन धेरै कोसिस गरेको थिएँ, तर तातेन । भोलिपल्ट त हातै हिउँले खाइदियो ।

हामी वैशाख १६ गते आधार शिविरबाट माथि लागेका थियौं । मलाई अलि अलि रुघाखोकी लागेर सन्चो भएको थिएन । तोकिएको समयअघि हिमाल चढ्ने भनेर चाँडो गएका थियौं तर दिनरात हिउँ पर्ने, कुहिरो लाग्ने गरेको गियो । मौसम राम्रो भएमा जेठ लाग्नुअगावै हाम्रो लक्ष्य पुरा हुन्थ्यो ।

मैले पाएको सम्मान र स्नेह हेरेर मैले एक दिन फेरि सगरमाथा ताक्ने मन बनाएको छु । मेरो हात सन्चो भएर कसैले सहयोग गरेमा आगामी शरद ऋतुमै जसरी भए पनि सगरमाथा चढ्ने धोको छ ।

शिखरतिर लाग्दा म पहिलो र तेस्रो शिविरमा एकै रातमात्र बसे पनि दोस्रो शिविरमा दुई साता बसेको थिएँ । आठ हजार मिटरमाथिको साउथ कोलमा दुई रात बिताएको थिएँ । त्यस बेला मलाई आरोहण गर्नु ज्यादै रमाइलो लागिरहेको थियो तर मौसम राम्रो नभएपछि बोर पनि लाग्यो, किनकि साउथ कोलमा कहिले हुरी बेस्सरी चल्ने, कहिले हिउँ टन्न पर्ने गर्नाले पनि मलाई नरमाइलो बनाइरहेको थियो ।

बुद्धजयन्ती (जेठ ५ गते) कै दिन शिखर पुग्न मैले कोसिस नगरेको होइन, तर मौसम विग्रेको वेला जानुहुँदैन भनेर त्यस दिन पनि दाडिमा सरले भन्नुभयो । मैले माथि शिविरहरुमा बस्दा धेरै आरोहीले सफलता हासिल गरे । कैयौं त मजस्तै विभिन्न विन्दुबाट तल ओर्लिए ।

शिखरभन्दा तल रहेको 'हिलारी स्टेप' भन्दा माथिबाट फर्केको दिन हामी दोस्रो शिविरमा आएर बसेका थियौं । त्यसपछि सिधै आधार शिविरमा पनि नबसीकन फेरिचेमा एक रात बसेपछि नाम्चे हुँदै लुक्ला आएँ । बाटोमा सबैले सफल आरोहण गरेको भनै ठूलो सम्मान दिएकामा मैले गौरवको अनुभव गरे । यसपालिको अभियानले गर्दा मैले स्कुलको पढाइ रोक्नुपर्‍यो ।म अब फेरि चावहिलमा रहेको मेरो स्कुल पशुपति मित्र माध्यमिक विद्यालयमा मेहनतले पढ्ने विचार गरेको छु ।

मैले पाएको सम्मान र स्नेह हेरेर मैले एक दिन फेरि सगरमाथा ताक्ने मन बनाएको छु । मेरो हात सन्चो भएर कसैले सहयोग गरेमा आगामी शरद ऋतुमै जसरी भए पनि सगरमाथा चढ्ने धोको छ ।

(आङछिरिङ शेर्पासँगको कुराकानीमा आधारित)

टानद्वारा प्रसिद्ध आरोही सम्मानित

ट्रेकिङ एजेन्टस् एसोसिएसन नेपाल (टान) ले सगरमाथा दिवसको अवसरमा विश्वको सर्वोच्च शिखर सगरमाथाको एघारौं पटक सफल आरोहण गरी विश्व कीर्तिमान कायम गर्ने सरदार आप्पा शेर्पा, महिला सहस्राब्दी सगरमाथा आरोहण दलका सफल आरोही लाक्पा शेर्पा तथा तिब्बती मार्गबाट सगरमाथाको आरोहण गर्ने प्रथम नेपाली महिला आरोही सुश्री पेम्बा डोमा शेर्पालाई अभिनन्दनस्वरुप टान प्रशंसापत्र प्रदान गरेको छ ।

यस्तै, टानले अन्तर्राष्ट्रिय सगरमाथा दिवसको उपलक्ष्यमा नेपाल र नेपालीको गौरव अभिवृद्धि गर्ने तथा सवैभन्दा छोटो समय १६ घण्टा ५६ मिनेटमा विना अक्सिजन सगरमाथा आरोहण गरी कीर्तिमान कायम गर्ने प्रसिद्ध आरोही बाबुछिरी शेर्पालाई टान अन्तर्राष्ट्रिय सगरमाथा पुरस्कारबाट सम्मानित गरेको छ । श्री शेर्पालाई अन्तर्राष्ट्रिय सगरमाथा पुरस्कार कोषबाट रु. दशहजारको नगद पुरस्कारसमेत प्रदान गरिएको छ ।

टानद्वारा विगतमा सुप्रसिद्ध आरोही आङरिता शेर्पा, आप्पा शेर्पा तथा काजी शेर्पालाई अन्तराष्ट्रिय सगरमाथा पुरस्कारबाट सम्मानित गरिएको थियो ।

यसै क्रममा टानका अध्यक्ष राजेन्द्र वान्तवा तथा अन्तर्राष्ट्रिय सगरमाथा दिवस समारोह समितिकी संयोजक डिमी शेर्पाद्वारा जारी प्रेस विज्ञप्तिमा सर्वोच्च शिखरलगायतका कतिपय हिमशिखरहरु आरोहण गर्दा कतिपय पर्वतारोहीले जीवन गुमाएका, कतिपय अंगभंग भएका र दयनीय जीवन बिताउन विवश भएका उल्लेख गर्दै जिम्मेवार निकायहरु समस्या समाधानतर्फ चिन्तनशील नभएको तथा पर्यटन क्षेत्रको विकास प्रसंगमा श्री ५ को सरकारको स्पष्ट नीतिको अभाव र झन्झटिलो नियमहरुका कारण, समस्या समधान हुन नसकेको बताइएको छ ।

'मान्छे नै उडाउला जस्तो गरी हावा चलिरहेको थियो'



"मेरो जिन्दगी हिमाल चढ्नमा बित्यो, मैले समयमा पढ्न लेख्न पाइनँ तर आफ्नो जन्मस्थल सोलुखुम्बु जिल्लाको टाकसिन्धु गाउँका बालबालिकाको उज्ज्वल भविष्यका लागि त्यहाँ एउटा विद्यालय खोल्ने मेरो प्रबल इच्छा छ।"

सो इच्छा राख्ने सवैभन्दा कम समयमा (१६ घण्टा ५६ मिनेट) विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरी विश्व कीर्तिमान कायम गर्ने बाबु छिरी शेर्पा भन्नुहुन्छ- आफूले पूर्व निर्धारित समय १५ घण्टामा नै सगरमाथाको आरोहण पूरा गरी छाड्नु अठोट लिएको थिएँ तर खराब मौसमका कारण सो समयभन्दा केही ढिला शिखरमा पुग्न सफल भएँ।

दोस्रो नेपाली महिला सगरमाथा आरोही सुश्री लाक्पा शेर्पा आफ्नो व्यथा यसरी पोख्छन्- "मान्छे नै उडाउला जस्तो गरी हावा चलिरहेको थियो, तिर्खाले प्याक प्याक भएकी थिएँ, हिउँले खुट्टा पुरिरहेको थियो तर पनि दृढ अठोट र आत्म विश्वासका साथ म अघि बढिनै रहे अन्ततः आफ्नो अभियानमा सफल भएँ।"

महिलाहरुलाई अवसर दिएको खण्डमा जुनसुकै क्षेत्रमा सफलता प्राप्त गर्न सकिन्छ भन्दै सुश्री लाक्पाले तिब्बततर्फबाट आरोहण गरी नेपाल भएर ओर्लने लक्ष्यका साथ फेरी एकपटक सगरमाथा चढ्ने आफ्नो इच्छा रहेको बताउनुभयो।

नेपालका एकहजार तीनसय १० हिम श्रृंखलामध्ये आरोहणका लागि खुला गरिएका एकसय ४२ वटा हिम शिखरमध्ये विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा कुनै समय सफल आरोहण गर्नुमात्र ठूलो हुन्थ्यो। तर आजभोलि सगरमाथाको सफल आरोहण गर्नुभन्दा पनि साहसी पर्वतारोहीहरुको लागि नयाँ नयाँ विश्वकीर्तिमान कायम गर्ने थलो बनेको छ।

तेन्जिङ्ग नोर्गे शेर्पा र न्यूजिल्याण्डका सर एडमण्ड हिलारीले दक्षिण मोहडाबाट २०१० साल जेठ १६ गते (१९५३ मे २९) सगरमाथाको शिखरमा पहिलो पटक पाइला टेकेपछि हालसम्म नौसय ३५ जनाले सफल आरोहण गरिसकेको र आरोहणको क्रममा करीब एकसय ८० जनाले आफ्नो ज्यान गुमाउनु परेको छ।

नेपालका फु दोर्जी शेर्पा सन् १९६५ मे ५ मा पहिलो पटक सगरमाथाको सफल आरोहण गरेपछि हालसम्म आरोहण गर्ने नेपालीहरुको संख्या करीब तीनसय ५० पुगेको छ।

सगरमाथा आरोहणका लागि श्री ५ को सरकारले सातजना सदस्य रहने टोलीबाट ५० हजार डलर सलामी प्राप्त गर्ने गरेको छ। प्रति आरोही दशहजार डलर लिएर एक टोलीमा थप पाँचजना बस्न दिने व्यवस्था गरिएको छ। आरोहण गरेवात प्रतिवर्ष करिब रु. दश करोड राजस्व उठ्ने गरेको छ।

वि.सं. २०५५ असोज ३१ गते काजी शेर्पाले २० घण्टा २४ मिनेटमा सगरमाथाको सफल आरोहण गरी फ्रान्सका मार्क वर्टाईको २२ घण्टा ३० मिनेटको रेकर्डलाई तोडेका थिए भने सोलुखुम्बुका ३४ वर्षीय बाबुछिरी शेर्पाले यही जेठ ८ गते सवैभन्दा कम १६ घण्टा ५६ मिनेटमा सफल आरोहण गरी नयाँ विश्व कीर्तिमान कायम गरे।

वि.सं. २०५६ साल वैशाख २३ गते सगरमाथाको चुचुरोमा विना अक्सिजन २१ घण्टा विताई विश्व कीर्तिमान कायम गरिसकेका बाबु छिरी शेर्पाले उत्तरी मोहडाबाट तीन पटक र दक्षिणी मोहडाबाट सातपटक कृत्रिम अक्सिजन विना सगरमाथा चढी एकै मौसममा दुईपटक सगरमाथाको सफल आरोहण गरी सबभन्दा कम अन्तरालमा दुईपटक चढ्ने व्यक्तिका रुपमा प्रख्याति पाएका छन्।

यसैगरी आप्पा शेर्पाले यही जेठ ११ गते सगरमाथाको एघारौं पटक सफल आरोहण गरी नयाँ विश्व कीर्तिमान कायम गरेका छन् भने हालसम्म आडरिता शेर्पा र बाबुछिरी शेर्पाले सगरमाथाको दश चोटी सफल आरोहण गरिसकेका छन्।

जापानकी जुनको तावेइले २०३२ जेठ २ गते सगरमाथा चढ्ने पहिलो महिलाको विश्व कीर्तिमान कायम गरेपछि हालसम्म ५५ जनाभन्दा बढी महिलाले विश्वको सर्वोच्च शिखर सगरमथाको स्पर्श गरिसकेका छन्। अक्सिजन विना सगरमाथाको आरोहण गर्ने पहिलो महिला न्यूजिल्याण्डकी लिडिया ब्राडी र सवभन्दा कम १९ वर्षको उमेर र सवैभन्दा बढी ४७ वर्षको उमेरमा सगरमाथा चढ्ने क्रमश भारतकी डिकी डोल्मा र जापानी महिला यासुको नाम्वाले विश्व कीर्तिमान राखेका छन्।

त्यस्तै पासाङ ल्हामु शेर्पाले २०५० वैशाख १० गते पहिलो चोटी सगरमाथा चढ्ने नेपाली महिलाको कीर्तिमान राखेकी थिइन् भने लाक्पा शेर्पाले यही जेठ ५ गते सगरमाथा चढ्ने दोस्रो नेपाली महिला र पेम्वा डोमा शेर्पा यही जेठ ६ गते तिब्बती मोहडाबाट सफल आरोहण गर्ने पहिलो नेपाली महिला बनेकी छिन्।

आरोहण मार्गमा सवभन्दा डरलाग्दो खुम्बु हिम झरना मानिन्छ जहाँ हालसम्म १९ जनाको मृत्यु भइसकेको छ भने सन् १९९६ मा मात्र आरोहणको क्रममा सवभन्दा बढी १५ जनाको मृत्यु भएको थियो।

सन् १९९३ मा सवभन्दा बढी आरोही एकसय २९ जना शिखरमा पुगेको कुरा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जनाएको छ।

सगरमाथाको चुचुरोमा पुग्ने पहिलो अपाङ्ग पर्वतारोही अमेकाका ४९ वर्षीय टम ह्वीट्टेकर हुन्, जसले सन् १९९८ मे २६ मा सफल आरोहण गरेर विश्व कीर्तिमान कायम गरेका थिए।


(रासस)

सर्वोच्च शिखरमा नेवार समुदायबाट दोस्रो व्यक्ति

रामकृष्ण श्रेष्ठ सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरी नेवार समुदायबाट चुचुरोमाथि पाइला टेक्ने दोस्रो व्यक्ति बनेका छन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्वतारोहण शाखाले रामकृष्णले दक्षिणपूर्वी बाटो हुँदै सफल आरोहण गरेको पुष्टि गरेको छ। यसअघि उत्तरी मोहडा तिब्बतबाट नारायण श्रेष्ठले सफल आरोहण गरेका थिए।

श्रेष्ठ १४ वर्षीय आरोही तेम्वाछिरी शेर्पाको आरोहण दलमा सम्मिलित भएर गएका थिए। तेम्वाछिरी साउथ समिट ८ हजार ७ सय ५० मिटर उचाइभन्दा माथि रहेको हिलारी स्टेपसम्म सँगै पुगेका थिए। तर अत्यधिक थकाई र हातको एक औंला हिउँले खाएकाले तेम्वाछिरी माथि उक्लिन सकेनन्, उनी त्यहीबाट आधारशिविर झरे। श्रेष्ठ भने शिखरमै पाइला टेकेर फर्किएका थिए।

आरोही श्रेष्ठले आफ्नो आरोहण सफल भएपछि आफ्ना आमाबुबालाई उनले लोबुचेबाट टेलिफोन सम्पर्क गरेका थिए। श्रेष्ठका बुबा हरिदास श्रेष्ठका अनुसार रामकृष्ण र तेम्वाछिरी दाङिमासँगै हिलारी स्टेपभन्दा माथि सँगै पुगेका थिए। तेम्वाछिरी १५ मिटर तलै थिए, उनले आफ्ना साथीहरु पनि सँगै आइरहेको सोच्दै सगरमाथामाथि



पाइला राखे। तर फर्केर हेर्दा साथीहरु नदेखेपछि उनी झस्किए। तल फर्किदा १५ मिटर तलै भेटेको तेम्वाछिरीको हातको औंला हिउँले खाएको र अत्यधिक थकित अवस्थामा थिए। त्यसपछि आफूहरु सँगै तल झरेको हो भन्ने जानकारी श्रेष्ठले आफ्ना बुबालाई दिएका थिए।

काठमाडौं महानगरपालिका- १५ स्वयम्भूका हरिदासका २३ वर्षीय रामकृष्णलाई आफ्ना घरमा बस्ने शेर्पा साथीहरुको संगतले नै सगरमाथा आरोहण गर्न उत्सुकता जगाएको हो। 'पर्यटकीय क्षेत्र ज्याठामा अठार वर्ष साइकल पसल चलाएर बस्दा प्रायः हिमाल जाने शेर्पाहरु साइकल भाडामा लिन आउँथे, तिनै शेर्पाहरुसँगको संगत र प्रेरणाले आफ्नो छोरो सगरमाथा चढ्न गएको हो' हरिदासले भन्नुभयो।

रामकृष्ण १० कक्षासम्मको अध्ययनपछि शेर्पा साथीहरुसँगै तीन वर्ष अधिमात्र पर्वतारोहण क्षेत्रमा लागेका थिए। यसै सिलसिलामा उनले गत वर्ष नेपाल पर्वतारोहण संघद्वारा मनाङमा दिएको आधारभूत रक ट्रेनिङ पनि लिए। उनले त्यतिबेला मनाङको ङवालपिक, त्यसपछि खुम्बुको एलामपिक र मेरापिक पनि आरोहण गरेका थिए। 'मैले ट्रेनिङमा समेत पठाउन चाहेको थिएन, तर ट्रेनिङ लिएर आयो, केही साना हिमाल चढेपछि यसपटक उनको सगरमाथा आरोहणलाई अस्वीकार गर्न सकिनँ' श्रेष्ठले भन्नुभयो।

एक्स्पडिसनले १४ वर्षीय तेम्वाछिरी र नेवार समुदायबाट सगरमाथा आरोहणको कीर्तिमान कायम गर्ने उद्देश्यले यो आरोहणको व्यवस्था मिलाएको थियो। श्रेष्ठ र तेम्वाछिरीको आरोहण दलमा भक्तबहादुर ठकुरी टोली नेता थिए भने सरदार दाङिमा शेर्पा, फुर्वा ठिले शेर्पा, छौवा शेर्पा, निङमाछिरी शेर्पा र ल्हाक्पा शेर्पा थिए। *(कान्तिपुर)*

'ट्रान्स हिमालय- २०००' साहसिक खेलयात्रा सम्पन्न

"ट्रान्स हिमालय- २०००" कार्यक्रममा सहभागी विश्वका १५ राष्ट्रका ६९ टिमका आठसय सहभागीहरुको रोमाञ्चक साहसिक खेल यात्रा वैशाख १८ देखि तिब्बतको ल्हासाबाट शुरु भई जनकपुरमा पुगी सम्पन्न भयो। कार्यक्रममा फ्रान्स, जापान, अष्ट्रिया, नेदरल्याण्डस्, स्पेन, इटाली, डेनमार्क, फिन्ल्याण्ड, स्वीडेन, इंगल्याण्ड, बेल्जियम, अष्ट्रेलिया, अमेरिका, क्यानाडा तथा जर्मनीका टोलीहरु थिए।

ल्हासाको शेगार जोङबाट शुरु भएको ऐतिहासिक पर्यटकीय खेलका सहभागीहरुले ८२७ किलोमिटरको दूरी पार गरी जनकपुरमा आफ्नो कार्यक्रम अन्त्य गरे। मे ११ सम्म संचालित सो कार्यक्रमका सहभागीहरुले ट्रेकिङ, घोडा दौड, साइकल यात्रा, च्याफ्टिङ क्यान्यो तथ नौका दौड आदि खेलहरु प्रदर्शन गरेका थिए।

नेपालको पर्यटन इतिहासमा पहिलोपल्ट भएको सो कार्यक्रम संसारभर टेलिभिजनका माध्यमबाट प्रसारण गरिएको थियो। साहसिक पर्यटन कार्यक्रमलाई संसारका १० वटा मुलुकका १७ च्यानलका विद्युतीय सञ्चार प्रतिनिधिहरुले प्रत्यक्ष प्रसारण गरे।

'तिम्रो प्रकृतिको अन्वेषण गर' भन्ने मूल सन्देशका साथ शुरु भएको सो कार्यक्रम संसारका विभिन्न मुलुकका संचारमाध्यमहरुमा पनि सम्प्रेषित भएको थियो। समाचार सम्प्रेषणका लागि अखवारी संचारमाध्यमका १२० र टेलिभिजन पत्रकारहरु ३१ जना नेपाल आएका थिए। यस घटनालाई टेलिभिजनहरुले दुईसय घण्टासम्म प्रत्यक्ष प्रसारण गरेको आयोजकहरुले बताएका छन्।

कार्यक्रममा सहभागी खेलाडीहरुले शेगार जोङबाट साहसिक यात्रा शुरु गरेपछि तिब्बतको यार्ले शुङला पास हुँदै जिक्सावेग फेंग, न्यालाम, भाङमु, कोदारी, बाह्रविसे, लामोसांगु, सुनकोशी दोलालघाट, फुनरी, शैलुगेश्वर, चिन्पुर्तार, मन्थली, सिन्धुलीमाढी हुँदै जनकपुरमा टुंगियो। खेलाडीहरुले यात्राको क्रममा सवैभन्दा बढी पाँच हजार एकसय पचास मिटरको उचाइको दुरी पनि तय गरे। त्यसैगरी खेलाडीहरुले साहसिक खेल यात्राको क्रममा तिब्बतबाट तीन किलोमिटरसम्म ट्रेकिङ, ८५ किलोमिटरसम्म घोडायात्रा र त्यसपछि बाह्रविसेसम्म अर्थात् ११७ किलोमिटर माउन्टेन बाइक यात्रा गरे।

त्यसपछि मन्थलीसम्म पदयात्रा, सुनकोशी नदीमा २३ किलोमिटरसम्म ह्वाइटवाटर च्याफ्टिङ, ८६ किलोमिटरसम्म पुनः ट्रेकिङ, १२० किलोमिटरसम्म क्यान्योइङ्ग, च्याफ्टिङ ११० किलोमिटर, ५० किलोमिटर ट्रेकिङ, २५ किलोमिटर माउन्टेन बाइक र त्यसपछि ३८ किलोमिटर माउन्टेन बाइक यात्रा गरे।

नेपालको ग्रेट हिमालयन एडभेन्चर्सको सहयोगमा फ्रान्सको रेड गुलवाज संस्थाद्वारा आयोजित सो कार्यक्रम संसारको एक करोड इन्टरनेट ग्राहकले हरेको विश्वास रेड गुलवाजका अध्यक्ष प्याट्रिक ब्रिग्नोलीले बताउनुभयो। 'यो संसारकै सवैभन्दा ठूलो तथा महत्वपूर्ण खेल हो र त्यो नेपालमा भइरहेको छ'- श्री ब्रिग्नोलीले उल्लेख गर्नुभयो। उहाँले यो खेलबाट नेपालले अन्तर्राष्ट्रिय जगतमा राम्रो प्रचार पाउने कुरा पनि बताउनुभयो।

ग्रेट हिमालयन एडभेन्चरका प्रबन्ध निर्देशक तथा ट्रेकिङ एजेन्टस एसोसिएसन, नेपाल (टान) का अध्यक्ष राजेन्द्र वान्तवाले यो साहसिक पर्यटन कार्यक्रमबाट नेपाललाई अभूतपूर्व प्रचार प्रसार मिलेको तथा त्यसले नेपाललाई वित्तीय तथा वजारलाभको दृष्टिले ठूलो फाइदा भएको उल्लेख गर्नुभयो। उहाँले यो खेल आयोजनाबाट संसारका विभिन्न मुलुकका खेलाडीहरुलाई नेपालको अनुपम हिमाली भू-दृश्य अवलोकन गर्ने मौका प्राप्त गरेको पनि बताउनुभयो।

रेड गुलवाजले विगत १० वर्षदेखि यस्तो कार्यक्रम आयोजना गर्दैआएको छ। गत वर्ष यस्तो कार्यक्रम इक्वेडरमा आयोजना भएको थियो।

ट्रान्स हिमालय- २००० का विजयी पहिला, दोस्रो तथा तेस्रा खेलाडीलाई क्रमशः तीस हजार, वीस हजार तथा १० हजार अमेरिकी डलर पुरस्कार प्रदान गरियो।

नेपाल पर्वतारोहण संघ

आ. व. ०५७-५८ को नीति तथा कार्यक्रम के छन् ?

नेपाल पर्वतारोहण संघले नीति एवं कार्यक्रम प्रस्तुत हुने हुँदा संघले आ.व. ०५७/५८ मा लिएको नीतिहरु छन् ।

- ❐ विगतमा थालनी भएका कार्यहरुलाई संघको श्रोतले भ्याएसम्म निरन्तरता दिने,
- ❐ अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय निर्माण कार्य पूरा गर्न श्रोत र साधन जुटाउन गर्न पर्ने आवश्यक पहललाई उच्च प्राथमिकता दिने,
- ❐ संघको विधान अनुसार गठित विभिन्न समितिहरुको उपादेयता एवं मर्मलाई मनन गरी संघको सीमित श्रोतलाई उच्चतम सदुपयोग गर्दै ती समितिहरुलाई कृयाशिल बनाउने,
- ❐ संघसंग आवद्ध एवं सोझै सरोकार राख्ने विभिन्न सहयोगी एवं संस्थागत सदस्यहरुको महत्वपूर्ण कार्यहरुमा संघले सदा झैं सक्दो सहयोग पुऱ्याउन प्रयासरत रहने,
- ❐ श्री ५ को सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र संघबीच रहँदै आएको अन्योन्याश्रित सम्बन्धलाई आउँदा दिनहरुमा अझ सुदृढ एवं सुमधुर बनाउँदै उक्त सम्बन्धलाई हार्दिकता प्रदान गर्ने,
- ❐ आन्तरिक श्रोतको अधिकतम परिचालन गरी श्रोतको उच्चतम सदुपयोग गर्ने,
- ❐ संघलाई पर्वतीय पर्यटनको, विशेष गरी पर्वतारोहण गतिविधि एवं सूचनाको एक आधिकारिक संस्थाको रुपमा विकसित गर्दै लाने र
- ❐ संघ आवद्ध रहेको अन्तर्राष्ट्रिय संघ संस्थाहरुले आयोजना गर्ने सभा, सेमिनारहरुमा सदा झैं आफ्नो गरिमामय उपस्थिति मार्फत अन्तर्राष्ट्रिय स्तरबाट विविध खाले सरसहयोग जुटाउन दत्तचित्त रहने जस्ता नीति संघले लिएको जानकारी गराउन चाहन्छु ।

यी नीतिको परिधिभित्र रही सीमित श्रोत र साधनको अधिकतम सदुपयोग गर्ने मनसायले विधान अनुसार गठित समितिहरु मार्फत गरिने कार्यक्रमहरु निम्नानुसार रहेका छन् :

- ❐ *वातावरण संरक्षण समिति :* आगामी आर्थिक वर्षमा लाङटाङ क्षेत्रको सरसफाई तथा स्याबु जनचेतना कार्यशाला गोष्ठी संचालन गरिनेछ । कार्यक्रममा गा.वि.स. अध्यक्ष, सदस्य तथा सम्बन्धित क्षेत्रका लज मालिकहरु एवं संघ संस्थाहरुलाई समावेश गराउने लक्ष्य राखिएको छ । संघले हिमाली पर्यावरण तथा वातावरण सम्बन्धी विभिन्न कार्यक्रमहरुमा सहयोग उपलब्ध गराउने सिलसिलामा विगतमा झैं यस वर्ष पनि टान बाट संचालन हुने ईको ट्रेक वर्कसपका लागि अनुदान उपलब्ध गराउनेछ । यसका अलावा त्रिभुवन विश्वविद्यालय र जापानको होक्काईडो विश्वविद्यालयको संयुक्त आयोजनामा काठमाण्डौमा २४ देखि २६ नोभेम्बर २००० मा संचालन हुने International Symposium on Himalayan Environment : Mountain Science & Eco Tourism / Bio Diversity मा समेत संघले सक्रिय सहभागिता जनाउने छ । यसका अलावा विभिन्न स्थानमा बृक्षारोपण पनि गरिनेछन् । सन् २०००/२००१ मा सगरमाथाको सफाई जस्तो खर्चिलो कार्यक्रम गर्दा श्री ५ को सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको आर्थिक सहभागिता के कस्तो रुपमा आउने हो त्यसैमा निर्भर रहनेछ, उक्त श्रोत जुटाउन राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरको सहयोग लिन संघ क्रियासिल रहने छ ।
- ❐ *प्रशिक्षण तथा पर्वतारोहण अभियान समिति*: आगामी आर्थिक वर्षमा मनाङ स्थित संघको पर्वतारोहण स्कूलको मर्मत सम्भार तथा उक्त स्कूलमा सदाझैं स्लोभेनियन प्रशिक्षकहरुको सहयोग सहित ३० जना प्रशिक्षार्थीहरुलाई संलग्न गराई आधारभूत पर्वतारोहण तालिम संचालन गरिनेछ । यसैगरी लाङटाङ क्षेत्रमा फ्रान्सको ENSA का प्रशिक्षकको सहयोग सहित १५ जना प्रशिक्षार्थीहरुको लागि एक उच्च पर्वतारोहण तालिम संचालन गरिने छ । साथै सोही क्षेत्रमा महिलाहरुलाई मात्र संलग्न गराईँझबभि इगतमययच ीभबमभचकजष्उ त्चबष्लष्लन संचालन गरिने छ । स्कूल तथा क्याम्पसका विद्यार्थीहरुलाई पनि ऐतिहासिक पर्यटनप्रति अभिरुचि जगाउने उद्देश्यले विगतमा झैं वालाजुमा रक क्लाईम्बिङ्ग तालिम संचालन गर्नेछ । उक्त तालिम ३० जना विद्यार्थीहरुको लागि दुई समूह गरी ७/७ दिनको लागि प्रदान गरिनेछ । संघबाट प्रदान गरिने यस्ता तालिमहरुको स्तर बृद्धिको लागि थप उपकरणहरुको खरीद गरिने लक्ष्य लिईएको छ । संघका प्रशिक्षकहरुको दक्षता बृद्धिको लागि France को ENSA मा हुने तालिममा संघका दुई जना प्रशिक्षकहरुलाई संलग्न गराई तालिम प्रदान गराईनेछ । साथै Eco - Himal संग मिली Advance Mountaineering Training / Female Outdoor Leadership Training मा संघले सदाझैं सहभागी एवं सहयोगीको भूमिका निर्वाह गर्नेछ ।
- ❐ *पर्वतीय उद्धार समिति* - यस समितिले आउँदो आ.ब.मा पर्वतीय उद्धार सम्बन्धि सम्भावित दाताहरुको खोजी/राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क/देश विदेशका स्वयंसेवकहरुको नामावली तथा ठेगाना तयार गर्ने, पर्वतीय जोखिम, दुर्घटना, जनजीवन तथा सम्पत्ति र पर्यावरणीय ह्रासको अध्ययन तथा तथ्याङ्क संकलन, श्रव्य दृष्य सामाग्री संकलन गर्ने, संघ अन्तर्गतका चुलीहरुमा वाकी टाकी सेटको जडान गर्ने, आधुनिक युगको मागलाई दृष्टिगत गर्दै स्याटेलाईट फोन जडान गर्ने कार्यक्रमहरुका साथसाथै पर्वतीय उद्दारको लागि आवश्यक जनशक्ति तयार गर्न पर्वतीय उद्दार सम्बन्धी एक तालिम संचालन गर्ने र पर्वतीय उद्दार सामाग्री खरीद गर्ने कार्य छ ।
- ❐ *प्रकाशन तथा प्रचार समिति :* संघको गतिविधिलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय जगतमा प्रभावकारी ढंगबाट सम्प्रेषित गर्न प्रकाशन तथा प्रचार प्रसारको भूमिका उल्लेखनीय हुने हुँदा संघबाट प्रकाशन हुँदै आएको "पर्वत" पत्रिकालाई "नेपाल पर्वत" को नाममा जिल्ला प्रशासन कार्यालय, सूचना विभाग तथा हुलाक सेवा विभागमा दर्ता गरी यस आ.ब. देखि नेपालीमा तीन अंक (बैशाख - साउन, भदौ - मंसीर, पुस - चैत) र अंग्रेजीमा ३ अंक प्रकाशन गर्ने कार्यक्रम छ । हुलाक विभागमा दर्ता गराउँदा हुलाक महसूलमा धेरै कटौती भई हुलाक खर्चको बचत गर्न आवश्यक भएकोले जिल्ला प्रशासन कार्यालयमा पनि दर्ता गराउन आवश्यक भएको हो । यसका साथै ***NEPAL HIMAL*** को वार्षिक स्मारिका अंक प्रकाशन गर्ने र यसको लागि यथासम्भव विज्ञापन संकलन गरिनेछ । आगामी आ.ब.मा डाटा बैंक कार्यलाई निरन्तरता दिनुका

साथ साथै पर्वतारोहण अनुसन्धान तर्फ "पर्वतीय पर्यटनको विकासमा नीतिगत वातावरणको प्रभावकारिता एवं मूल्याँकन" विषयमा अनुसन्धान गरिने कार्यक्रमका अतिरिक्त नेपालमा पर्वतीय पर्यटनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यशाला गोष्ठी संचालन गर्ने कार्यक्रमहरु रहेका छन् ।

- *कल्याणकारी समिति :* सन् १९५३ मा तेञ्जिङ्ग शेर्पाले सगरमाथाको सफल आरोहण गरी नेपालीहरुको चिनारी र ईज्जतलाई विश्वसामू स्थापित गर्नुभएको ४७ वर्षपछि नयाँ सहस्राब्दीमा विश्वकीर्तिमान कायम गर्न सफल पर्वतारोहीहरु बाबु छिरी शेर्पा, आप्पा शेर्पा तथा नेपाली महिला पर्वतारोहीहरु सुश्री ल्हाक्पा शेर्पा तथा सुश्री पेम्बा डोमा शेर्पा लगायतका नेपाली पर्वतारोहीहरुले आ-आफ्नो किसिमको चार वटा विश्व कीर्तिमान एक साथ राखेको यो पहिलो घटना हो । हामीलाई विश्वास छ उहाँहरुको पदचिन्हको अनुशरण गर्न भावी युवा पीँढीहरु लाई प्रेरणा प्राप्त हुनेछ । उहाँहरु जस्तो राष्ट्रिय एवं अन्तर्राष्ट्रिय जगतमा ख्यातिप्राप्त पर्वतारोहीहरुको कदर एवं सम्मान बढाउने खालका कार्यक्रमहरुको आयोजना गर्ने सिलसिलामा यस वर्ष उहाँहरु लगायत अन्य पर्वतारोहीहरुको सम्मान कार्यक्रमहरुको आयोजना गर्नेछ । यसै गरी सवैभन्दा कम उमेरमा सगरमाथा आरोहण गरी विश्वकीर्तिमान राख्ने अभिलाषाका साथ सगरमाथा आरोहणमा जाँदा आफ्ना दुई हातका पाँच वटा औंलाहरु गुमाउन पुगेका किशोर आरोही तेम्बा छिरी शेर्पाको औषधोपचारमा संघले सक्दो सहयोग उपलब्ध गराउने छ । विगतका वर्षहरुमाझैं यस वर्ष पनि संघले पर्वतारोहीहरुको असामयिक निधनको कारणले गर्दा उनका परिवारले भोग्नु पर्ने आर्थिक संकटलाई केही हदसम्म न्यून गर्ने, बिलखबन्दमा परेका पर्वतारोहीहरुको स्वास्थ्योपचार गर्न एवं अनाथ र असहाय पर्वतारोहीहरुको बालबच्चाको शिक्षाको लागि छात्रवृत्ति प्रदानमा निरन्तरता प्रदान गर्ने जस्ता विविध कल्याणकारी कार्यक्रमहरु संचालन गर्नेछ । सदाझैं पर्वतारोहीहरुको निमित्त कल्याणकारी कार्य अन्तर्गत अक्षयकोषमा रकम थप्ने कार्य जारी राखिएको छ । यस वर्ष फ्रेन्च नागरिक मौरिश हर्जोगले अन्नपूर्ण प्रथम हिमाल पहिलो पटक आरोहण गरेको ५० औं वार्षिकोत्सवको अवसरमा हर्जोगको तस्वीर अंकित विशेष संस्मरणात्मक हुलाक आवरण प्रकाशन गर्नुको साथै विश्वप्रसिद्ध नेपाली पर्वतारोहीहरुको तस्वीर अंकित हुलाक टिकट प्रकाशनको लागि संघले पहल गर्नेछ । साथै पर्वतारोहीहरुको सम्मानका लागि जनसहभागिता बढाउन गा.वि.स.हरुको सहयोगमा परिचयात्मक विवरण संकलन गर्ने र सो को अनुगमन गर्ने कार्यको थालनी गरिनेछ ।
- *योजना तथा आर्थिक व्यवस्था समिति* - यस समिति मार्फत आगामी आ.ब.मा संघको खाली रहेको जग्गालाई उपयोगमा ल्याउने उद्देश्यले संघको तालिम तथा अन्य सामाग्रीहरुको मौज्दातलाई ध्यानमा राखी संघको हाताभित्र थप एक स्टोर, सटर तथा क्यान्टिन भवनको निर्माण गरिनेछ । संघका विविध कार्यक्रमहरुको लागि अर्थ संकलन गर्ने हेतु स्वदेश एवं विदेशमा माग र आवश्यकता अनुसार विभिन्न क्षेत्रहरुमा नेपाली सांस्कृतिक कार्यक्रमहरु संचालन गरिनेछन् ।
- *अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय समिति :* अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय परियोजना संघको मात्रै नभएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्वतारोहण क्षेत्रकै गौरव उँचा गर्ने नमूना परियोजना भएकोमा कसैको दुईमत छैन । अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयको पहिलो चरणको निर्माण सम्पन्न गरी सफल रुपमा परिचालन गर्नु संघको प्रमुख जिम्मेवारी रहेको हुँदा संघको अधिकाँश श्रोत, सोच र समय यही परियोजनामा खर्चिनु परिरहेको छ । यस परियोजनाको प्रथम चरणको, मुख्य संग्रहालय भवनको छाना छाउने सामाग्री निर्माण स्थलसम्म आईसकेको आर्थिक वर्षमा छाना छाउने कार्य लगायत झ्याल ढोका हाल्ने कार्य, संग्रहालयको स्क्रिप्ट लेखन तथा प्रदर्शनी सामाग्रीहरुको संकलन जस्ता कार्यहरुको अलावा विशेष कार्यक्रमहरुको रुपमा स्वदेशी तथा विदेशी पर्यटकहरुलाई क्रमिक रुपमा आकर्षण बढाउन संग्रहालय हातामा सःशुल्क विविध साँस्कृतिक कार्यक्रमहरु नियमित रुपमा आयोजना गर्ने, मौलिक नेपाली प्रकारको 'पिक्निक लन्च' को व्यवस्था गराउन आवश्यक व्यवस्था गर्ने तथा आर्टिफिसियल क्लाईम्बिङ्ग वालको व्यवस्थाको लागि आवश्यक पहल गर्ने जस्ता कार्यक्रमहरु संचालन गरिनेछन् । यस संग्रहालय परियोजनाका लागि विभिन्न संघ संस्था तथा व्यक्तिहरुसंग पत्राचार भैरहेको छ र सबै क्षेत्रबाट सहयोग गर्ने आश्वासन प्राप्त भईरहेकै छ । अझ बढी सहयोग पाउनका लागि हामीले निरन्तर रुपमा प्रयत्नशील भई नै रहनु पर्छ भन्ने हाम्रो मान्यता छ । तर स्वदेश र विदेशमा सहयोगको अपील गर्न अघि तपाईं हामी सम्पूर्णको अर्थ संकलनमा महत्वपूर्ण एवं अग्रणी भूमिका हुनुपर्छ भन्ने लागेको छ । तसर्थ हामी भित्रै बाट पनि आर्थिक सहयोग जुटाउन हामीले पहल गर्नुपर्दछ ।
- *वैदेशिक सम्बन्ध समिति* : सचिवालय मार्फत आवश्यक वैदेशिक सम्बन्ध विस्तार गर्ने सिलसिलामा यस समितिलाई परिचालन गरी संघलाई सहयोग जुटाउन सक्ने सम्भावित अन्तर्राष्ट्रिय संघ संस्थासंग सम्पर्क एवं सम्बन्ध विस्तार गर्दै लान यस समितिलाई सक्रिय बनाउने कार्यक्रम छ ।
- *पर्वतारोही स्मृति उद्यान समिति* - ककनी यस पर्वतारोही स्मृति उद्यान समिति अन्तर्गत, आगामी आ.ब.मा संघको रेखदेखमा रहेको ककनी स्थित जग्गालाई तारबार लगाउने तथा गार्ड घर निर्माण तथा मौजूदा बोट विरुवाहरुको संरक्षण जस्ता कार्यक्रमहरु गरिनेछन् ।

संघ एशियाली पर्वतारोहण महासंघको उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय पर्वतारोहण महासंघको सदस्य र उक्त महासंघ अन्तर्गतको एक्स्पिडिसन कमिटीको कार्यकारीणी सदस्य रहेको छ । यसैगरी संघको अन्य विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरु संग पनि सुमधुर एवं मैत्रीपूर्ण सम्बन्ध रहिआएको छ । संघद्वारा गरिने बैदेशिक भ्रमणकै फलस्वरुप आपसी सम्बन्धहरु प्रगाढतम, मधुरतम एवं मैत्रीपूर्ण भएको हो जसका फलस्वरुप हाम्रा विभिन्न आयोजनाहरुमा उहाँहरुको सक्रिय सहयोग एवं सद्भावना पाएका छौं । आगामी आर्थिक वर्षमा पनि संघको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धहरुलाई अझ बढी सुमधुर र विस्तारमा निरन्तरता प्रदान गर्दै लगिने छ । यसै सिलसिलामा आगामी आ.ब.मा एशियाली पर्वतारोहण महासंघ र ईरानी पर्वतारोहण संघको आयोजनामा हुन लागेको एशियाली चो ओयु संयुक्त आरोहणमा संघको तर्फबाट एक दक्ष पर्वतारोहीलाई भाग लिन पठाईनेछ । सदाझैं, एशियाली पर्वतारोहण महासंघ लगायत अन्तर्राष्ट्रिय पर्वतारोहण महासंघहरु को महासभा तथा एक्स्पिडिसन कमिटीको बैठकमा संघको प्रतिनिधित्व रहनेछ । यस्तै ज्ब्त (ब को आयोजनामा हुने थ्यगतज ऋचयकक ऋगतिगचबा:यगलतबष्ल ऋयलकभच(खबतष्यल एचयवभअत मा संघको प्रतिनिधित्व रहनेछ । आगामी वर्ष, जापानमा संचालन हुने माउन्ट हिवा स्काईलाईन दौड प्रतियोगितामा सदाझैं संघको प्रतिनिधित्व एवं सहभागिता रहनेछ । पोखरामा निर्माण भैरहेको अन्तराष्ट्रिय पर्वतीय संग्रहालय, संघले प्रदान गर्ने तालिमहरु लगायत संघका विभिन्न कार्यक्रमहरुको राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार तथा प्रसारको लागि यसै आ. ब.मा संघको आफ्नै नाममा एक ईन्टरनेट डोमेन दर्ता गरिएको छ र त्यस ठेगाना मार्फत संघका सम्पूर्ण कार्यक्रम तथा सूचनाहरु प्रवाह गरिने कार्यक्रम छ ।

(नेपाल पर्वतारोहण संघका महासचिव भूमिलाल लामाद्वारा २०५७ असार २३ मा वर्षाकालीन साधारण सभामा प्रस्तुत प्रतिवेदनमा आधारित)

पर्वतारोहण : गम्भीर चिन्तन आवश्यक

करीब आठ दशक अघिदेखि विश्वको सर्वोच्च धूरी सगरमाथामा ईरभिन र म्योलोरीले एक मान्छेको उचाइ थप्ने प्रयासको शुरुवात गरेपछि २९, १९५३ मा एडमण्ड हिलारी र तेञ्जिङ्ग नोर्गेले सो चुनौतीपूर्ण कार्यलाई फत्ते गर्नुभयो, एउटा इतिहास बनाउनुभयो । त्यो दुरुह कार्यमा सफलता पाउन उहाँहरु पछि धेरै पर्वतारोहीहरु लागि परे, पर्दैछन् र यो क्रम जारी नै रहनेछ भन्ने कुरामा दुईमत पनि नहोला । यसै क्रममा आजसम्मका १०० जना जति पर्वतारोहीरले ज्यान गुमाएका छन् त्यो अर्कै कुरा हो, तर पनि त्यो जोखिमपूर्ण कामलाई चुनौती दिन मानवीय जीजीविषा मरेको पाइँदैन अपितु् झन् झन् भिन्न भिन्न स्वरुपमा त्यो प्रकट भइरहेकै छ ।

सगरमाथालाई म्वाइँ खाने प्रलोभनमा नेपालका पर्वतारोहीहरु मध्ये करीब २०० जना सफल पनि भएका छन् तर कतिपय नेपाली आरोहीहरु सगरमाथको वक्षस्थलमा चीर निद्रामा परेको यथार्थ पनि आफ्नै ठाउँमा छँदैछ, तथापि सहस्राब्दीको झिसमिसेमा पाँचवटा विश्व कीर्तिमान राख्ने यात्रामा निस्केका पर्वतारोहीहरु मध्ये विश्वका सवभन्दा कान्छो आरोहीमा दर्ता गराउने इच्छा लिएका १४ वर्षे तेम्बा छिरी शेर्पाले ८८२६ मिटरको उचाइसम्म मात्र आफूलाई पुऱ्याउन सफल देखिए । असफल मात्र भए त केही थिएन तर उनको देब्रे २ र दाहिने ३गरी ५ वटा औंलाहरुलाई हिउँले खाएको कारण पट्टि बाँधेको दृश्यले उनको भविष्य अब के हुने हो भनेर सोच्न जो कोहीलाई पनि बाध्य तुल्याउछ ।

हुन त कीर्तिमान कायम गर्न चाहनेले त्यो गर्न पाउनु पर्छ भन्ने नै अहिलेको उन्मुक्त सामाजिक परिवेशको मान्यता हुनसक्छ तर तेम्बा छिरीका औंलाहरु गुम्न गएमायत्रो ८० वर्ष लामो जिन्दगीलाई कसरी धान्ने हो ? यो जिन्दगीभरको दाग कुन साबुनले धुँदा जाने होला, यो जिम्मा कसले लिने, यस्ता कहाली लाग्दा प्रश्न र समस्या हाम्रो सामु तेर्सिएको छ । के भोलि १२ वर्षका केटाकेटीले कीर्तिमान राख्छु भन्दैमा सम्बन्धित सबै निकायहरुले बिना कुनै प्रश्न अनुमति दिँदै जाने हो । अवश्य पनि यस्तो प्रक्रियाले निशर्त निरन्तरता पाउनु हुँदैन । केही न केही शर्तहरु जस्तो कि व्यवस्थापकको पूर्व अनुभव, क्षमता, आर्थिक उपलब्धता र सवभन्दा महत्वपूर्ण सम्बन्धित पर्वतारोहीहरुको आरोहण प्रशिक्षण, तिनको मनोवल, मानसिकता एवं शारीरिक क्षमता र तिनका साथ जाने सहयोगी पर्वतारोहीका संख्या र दक्षता आदिलाई आउँदा दिनहरुमा विश्लेषण एवं क्षमताको मूल्याङ्कन नगरी सिफारिस एवं अनुमति दुवै दिइनु हुन्न भन्ने कुरामा धेरै पर्वतारोहीहरु सहमत नै देखिन्छन् । केहीको उक्त भनाइप्रति असहमति हुनसक्छ, कीर्तिमानी शम्भु तामाङको उदाहरण पनि दिन सक्लान् । माथि उठाइएको शर्तहरुको सेरोफेरोमा दाँज्दा शम्भु तामाङको आरोहण दलको मानवीय सहयोग, प्राविधिक सहयोग, आर्थिक क्षमता, आरोहण पूर्वका तयारी जस्तै यथेष्ट आरोहण प्रशिक्षण र त्यो यथेष्ट प्रशिक्षणले बनाएको मनोवैज्ञानिक सवल पक्ष एवं उक्त सम्पूर्ण कुराहरुले दृष्ठ इच्छा शक्ति बनाउन पुऱ्याएको मद्दत लगायतका यावतव कुराहरुलाई कदापि बिर्सन हुन्न । आशा छ आउँदा दिनहरुमा पर्वतारोहण क्षेत्रका विज्ञ, एवं संघ संस्था र आधिकारीक निकायहरुले यस्तो दुःखद पक्षको पुनरावृत्ति नहोस् भनेर सम्बन्धित दलका व्यवस्थापकीय, संगठनात्मक, प्राविधिक, आर्थिक र आरोहीको मनोवैज्ञानिक एवं शारीरिक क्षमताको विभिन्न पाटाहरु माथि गम्भीर भएर सोच्नै पर्ने देखिन्छ ।

रक क्लाइम्बिंग

नेपाल पर्वतारोहण संघको नियमित कार्यक्रम अन्तर्गत २०५६ चैत्र १२ गते देखि चैत्र १७ गते सम्म बालाजुको दुङ्गेधारमा पाँच दिने आधारभूत ***Rock Climbing*** तालिम सफलतापूर्वक सम्पन्न भएको छ । स्कूले तथा क्याम्पसका विद्यार्थीहरुलाई सांस्कृतिक पर्यटनमा थप आकर्षण जगाउने उद्देश्यले संचालन गरिएको उक्त तालिममा बुढानिलकण्ठ स्कूल अन्तर्गतको 'कान्तिपुर ओपन रोभर क्रू' का १२ जना विद्यार्थीहरुलाई प्रशिक्षण दिईएको थियो । संघका कार्यसमिति सदस्य तथा प्रशिक्षण तथा पर्वतारोहण अभियान समितिका संयोजक पासाङ शेर्पाले उक्त तालिमको संयोजकत्व गर्नुभएका थियो भने संघका तीन प्रशिक्षकहरु - ल्हाक्पा नोबु शेर्पा, दा गोम्बु शेर्पा र किलुतेम्बा शेर्पा ले प्रशिक्षण दिनुभएको थियो ।

संघले ***Rock Climbing, Basic / Advance Mountaineering Training*** लगायत ***Female Outdoor Leadership Training*** हरु नियमित रुपमा संचालन गर्दै आएको छ । हालसम्म जम्मा ७९० जना प्रशिक्षार्थीहरुले विभिन्न प्रशिक्षणहरु प्राप्त गरिसकेका छन् ।

हार्दिक श्रद्धाञ्जलि

नेपाल पर्वतारोहण संघका सक्रिय सदस्य, ककनी पर्वतारोही स्मृति उद्यान समितिका संयोजक तथा मिलनसार मित्र चेतनारायण खरेलको असार २ गते असामयिक निधन भएकोमा गहिरो दुःख व्यक्त गर्दै दिवंगत आत्माको चीर शान्तिको कामना गर्दछौं ।

नेपाल पर्वतारोहण संघ

नेपाल पर्वतारोहण संघले हालसम्म संचालन गरेको प्रशिक्षण तथा प्रशिक्षार्थीहरुको तालिका

प्रशिक्षित प्रशिक्षार्थीहरुको संख्या ७७८

TRAININGS CONDUCTED BY NMA (1979 TO 2000)

Year	Basic Mt.	Advance Training	Basic Mt.	Advance Rock	Trek Rock	Junior Tour	Female Basic
1979	20	-	-	-	-	-	-
1980	45	-	-	-	-	-	-
1981	46	-	-	-	-	-	-
1982	24	-	-	-	-	-	-
1983	-	-	-	-	-	-	-
1984	30	7	-	-	-	-	-
1985	24	11	-	-	-	-	-
1986	31	9	-	-	-	-	-
1987	30	15	-	-	-	-	-
1988	-	-	-	-	-	-	-
1989	31	22	-	-	-	-	-
1990	30	17	-	-	-	-	-
1991	29	13	-	-	-	17	-
1992	33	17	-	-	30	-	-
1993	-	-	-	-	-	-	-
1994	30	-	-	-	-	-	-
1995	32	-	-	-	-	-	-
1996	-	-	-	-	-	-	-
1997	13	11	-	-	-	-	-
1998	16	13	29+34	-	-	-	-
1999	-	16	-	7	-	-	15
1999	31	-	-	-	-	-	-
2000	-	11	12	-	-	-	13
Total	495	162	75	7	30	17	28

जि.प्र.का. काठमाडौं दर्ता नं. २०५/२०५६/०५७

नेपाल पर्वतारोहण संघको तालिम र अनुभव

- पासाङ शेर्पा

नेपाल पर्वतारोहण संघको नियमित तालिम अन्तर्गतको २०५६ सालको आधारभूत पर्वतारोहण तालिम मनाङ जिल्लाको हुन्दे नजिकको सब्जी खोलास्थित नेपाल पर्वतारोहण संघको स्कूलमा भएको थियो । त्यहाँ जाने क्रममा हाम्रा प्रशिक्षक तथा प्रशिक्षार्थीहरु र अरु विभिन्न सहयोगी व्यक्तिहरु त्यहाँ पुग्यौं । त्यहाँ जाँदा काठमाडौंबाट बेशीशहरसम्म रमाइलो बस यात्रा गरियो । एक रात बेशीशहरमा बिताएर पाँच दिनको पदयात्रा गरी हामी पर्वतारोहण स्कुल मनाङ मा पुग्यौं । त्यहाँ पुगेपछि एकदिन आराम गरेर हामीहरुले तालिम शुरुवात गर्‌यौं । तालिममा विभिन्न पक्षहरुको ज्ञान लियौं । रक क्लाइम्बिङ, रोप र नट, उद्धार, फस्टएडसम्बन्धी ज्ञान तथा विभिन्न व्यावहारिक तथा सैद्धान्तिक तालिमहरु लियौं ।

रक क्लाइम्बिङ चाँही स्कूलबाट लगभग २५ मिनेटको हिंडाई पश्चात नजिकैको भीरमा गरियो । नट सम्बन्धी तालिम भने स्वच्छ तथा रमणीय वातावरणले भरिएको स्कूल हाताभित्र रहेका रुख अनि चौरमा लियौं ।

फर्स्ट एड को ज्ञान भने हाम्रो प्रमुख प्रशिक्षक प्रेम गुरुङज्यूबाट पायौं । हाम्रो तालिममा डाक्टरको व्यवस्था थिएन । प्रेम गुरुङले विदेशमा फर्स्ट एडको तालिम पनि लिनु भएको रहेछ । उहाँ डाक्टर नभए पनि देश विदेशमा लिएको तालिमले हामीलाई सिकाउनु भयो ।

लगभग ८-१० दिन जति स्कूलमा सैद्धान्तिक तालिम सकेपछि 'हाइ अल्टिच्यूड' पचाउनका लागि स्कूल पारीको अग्लो डाँडामा एक दिन भ्रमण गरी त्यसको भोलीपल्ट हामीहरु नवल पिक तर्फ लाग्यौं । दुई दिनको उकालो चढाई तथा एउटा सानो भञ्ज्याङ पार गरेर नवल पिकको आधार शिविर पुग्यौं ।

आधार शिविरमा क्याम्प लगाई क्याम्पबाट लगभग ३० मिनेटको हिडाईपछि फेरि हामी नवल पिकको अर्को फेदीमा आईस क्लाइम्बिङ सम्बन्धी ज्ञान, उपकरण कसरी प्रयोग गर्ने, पर्वत चढ्दा के के गर्ने आदि तालिम हामीलाई हाम्रा गुरुहरुले दिनुभयो । सबै तालिमहरु पाइसकेपछि हामी सबै प्रशिक्षक तथा प्रशिक्षार्थीहरु सम्युक्त रुपमा ५९३८ मीटर अग्लो नवल पिकको सफल आरोहण गर्‌यौं । त्यो दिन हाम्रो तालिमको ज्यादै अविस्मरणीय र महत्वपूर्ण दिन थियो । सबैजनामा खुशीले मुहार छाएको थियो । चुचुरोबाट हामीले ज्यादै आकर्षक र रमाइलो दृश्यहरु हेर्‌यौं । सफल आरोहण पछि हामीसबै एक दिन आधार शिविर मा आराम गरी स्कूल फर्किर्यौं ।

स्कूल फर्केको भोलीपल्ट हामीले स्कूलदेखि केही माथि पर्ने मेलारेपा गुम्बाको अवलोकन पनि गर्‌यौं । यसरी हाम्रो तालिम रमाइलो साथ समाप्त भयो र हामीहरु फेरि मनाङदेखि बेशीशहरसम्म पाँचदिनको पदयात्रा सकी बेशीशहरदेखि काठमाडौंसम्म बसव्दारा आईपुग्यौं ।

उच्च पर्वतारोहण तालिम

नेपाल पर्वतारोहण संघ तथा इको हिमालको सम्युक्त तत्वावधानमा एडभान्स माउन्टेनियरिङ ट्रेनिङ २३ अप्रिलवाट शुरु भई मे २५, २००० मा भएको थियो । यो तालिम सोलुखुम्बु जिल्ला अन्तर्गत पर्वतारोहण स्कुल थामे मा भएको थियो । पहिलो दिन काठमाडौंको KEEP – Kathmandu Environmental Education Project भन्ने संस्थामा विभिन्न पक्ष सम्बन्धमा ज्ञान दिनुभएको थियो, जस्तै संरक्षण तथा वातावरणको बारेमा ।

त्यो दिन जावलाखेलस्थित सदर चिडियाखानामा बिभिन्न जनावर पशुपंक्षीहरुको चिनारी, ज्ञान तथा तिनीहरुको संरक्षण बारेमा ज्ञान हासिल गर्‌यौं । त्यस पश्चात त्यहि दिन ऊर्जा शक्ति सम्बन्धमा अध्ययन गर्न CRT मा गएका थियौं । त्यहाबाट विभिन्न वैकल्पिक ऊर्जा शक्तिको बारेमा CRT का इञ्जिनियरहरुले ज्ञान दिनुभयो ।

त्यसपछि हामीहरु काठमाडौंबाट लुक्ला उडान तथा लुक्लाबाट दुई दिनको पदयात्राको थकाइपछि Mountaineering School Thame मा पुग्यौं । Thame मा पुगिसकेपछि Thame गाउँबाट लगभग ३० मिनेट हिडेपछि Kingou Dung नामक भीरमा हामीले Rock climbing सम्बन्धी तालिम लियौं । लगभग ९-१० दिनको Rock climbing पछि खुम्जुङ को खुन्दे अस्पताल मा डा. Rachel Bishop तथा त्यहाँका अरु स्टाफहरुबाट First Aid सम्बन्धी ज्ञान हासिल गर्‌यौं ।

खुन्दे अस्पतालमा First Aid तालिम सकेपछि स्याडबोचे, पाडबोचे, फेरिचे, लोबुचे, गोक्योसेप इत्यादी हुँदै सगरमाथा आधार शिविरमा पुग्यौं । त्यहाँ हामीहरुले Ice Climbing, Rescue, Mountain Climbing, Fix Rope, Crevasses Rescue etc. विभिन्न पर्वतारोहण सम्बन्धी ज्ञान तथा तालिमहरु लियौं ।

एभरेष्ट बेस क्याम्पको लगभग एक हप्ताको तालिमपछि हामी लोबुचे चुली, ६११९ मीटर तर्फ लाग्यौं । लोबुचे बेस क्याम्पमा क्याम्प खडा गरी दुई दिनको साइतपछि लोबुचे चुलीको सफल आरोहण गर्‌यौं । अन्त्यमा ३१ मई २००० का दिन Nepal Tourism Board (NTB) को सभाकक्ष भृकुटीमण्डपमा त्यहा आयोजित तीन थरिको तालिम -- Introductory Rock Climbing Training, Female Outdoor Leadership Training तथा Advance Mountaineering Training मा भाग लिएका प्रशिक्षार्थी तथा प्रशिक्षकहरुलाई प्रमाणपत्र वितरण कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा विशिष्ट व्यक्तिहरुको उपस्थिति थियो । नेपाल पर्वतारोहण संघका संस्थापक अध्यक्ष कुमार खड्ग विक्रम शाहज्यूबाट प्रशिक्षार्थी तथा प्रशिक्षकहरुलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

अनुभव

अनुभव भन्ने आआफ्नो किसिमले गर्ने कुरा हो । मेरो अनुभवमा आधारभूत र उच्च पर्वतारोहण तालिम ज्यादै उपयोगी र ज्ञानवर्द्धक सिद्ध भयो । यसले पर्वतारोहण सम्बन्धमा मात्र नभई सबै पक्षलाई समेट्दछ । उदाहरणको लागि First Aid Training, Physical Exercise तथा नाचगानलाई लिन सकिन्छ । यी तालिमले हामीलाई चाहिने ज्यादै महत्वपूर्ण मानसिक तथा शारीरिक दुबै पक्षको विकास गराउँदछ ।

यस तालिममा विशेष गरी अनुशासनलाई जोड दिइएको छ, जो मानव जीवनमा नभई नहुने अति अमूल्य गहनाको रुपमा हामी चिन्दछौं । यस तालिममा केटा र केटीमा भेदभाव हुँदैन । एक आपसमा सहयोग र मित्रताको ज्यादै ठूलो पाठ पढाइन्छ । यसले राष्ट्रका विभिन्न ठाउँका व्यक्तिहरुसंग मात्र नभई अन्तर्राष्ट्रिय व्यक्तिहरुसंग समेत मित्रता गाँस्ने अवसर प्रदान गर्दछ । उनीहरुबाट हामीले विभिन्न आधुनिक ज्ञान तथा उनीहरुको संस्कृतिको बारेमा थाहा पाउने अवसर पाउँदछौं ।

यस तालिमको बेला हामीले गौरवान्वित हुने तथा रम्ने मौकाहरु पायौं । जस्तै : तालिमको समयमा Nawal Peak (5938 m.) तथा Lobuche Peak (6119 m.) summit गर्दा हामीहरु ज्यादै खुशी भयौं । किनेभने त्यहाँबाट शिखरको रमणीय दृश्य प्रशस्तै देखिन्छ र टाकुरामा पुग्दा गर्व पनि लाग्छ ।

तालिमको समयमा हाम्रा आमा बाबु भेनको नै हाम्रो गुरुहरु हुनुहुन्थ्यो । किनभने आमा बाबु र गुरुहरु भनेका छोरा र छोरी एवं चेलाहरुको लागि निष्पक्ष तथा आदरयोग्य हुन्छन् । जो मैले हाम्रा गुरुहरुमा पाएँ । म गर्वसाथ भन्छु यस्ता गुरु तथा व्यक्तिहरुलाई देशले कदर गरिरहेका छन् र गरिरहने छ । मलाई लाग्छ यस तालिमका गुरुहरु जस्तै अरु सबै पक्षमा पनि उहाँहरु जस्तै व्यक्तिहरु हुने हो भने हाम्रो देश नेपाल पनि पश्चिमी राष्ट्र तथा विकसित राष्ट्रहरुको दाँजोमा पुग्न केही बेर लाग्दैन ।

पेम्वा डोमा :
सगरमाथा आरोहणमा नयाँ कीर्तिमान

नेपाली पर्वतारोही बाबुछिरी शेर्पाले सर्वोच्च शिखर सगरमाथाको आरोहणको क्रममा नयाँ विश्व कीर्तिमान कायम गर्नुभएको छ । उहाँले सबैभन्दा कम समय १६ घण्टा ५६ मिनेटमै सगरमाथाको आरोहण गरी यो नयाँ कीर्तिमान कायम गर्नु भएको हो । दशौं पटक सगरमाथा आरोहण गर्न उहाँले आफूले निर्धारित गरेको समयभन्दा चार मिनेट अगाडि नै सगरमाथा आरोहणमा सफलता पनि प्राप्त गर्नुभएको छ ।

यसैगरी पेम्वा डोल्मा शेर्पा उत्तरी तिब्बती) मोहडाबाट सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने प्रथम नेपालीमहिला हुनुभएको छ ।

सोलुखुम्बु जिल्लाको नाम्चे गाउँ विकास समिति वडा नं. १ नाम्चे निवासी पेम्वाले स्वीस आरोहण दलसँग मिलेर यही जेठ ६ गते सगरमाथाको सफल आरोहण गर्नुभएको थियो । यो आरोहणसँगै पेम्वा डोमा शेर्पा सगरमाथा आरोहण गर्ने तेस्रो नेपाली महिला बन्नुभएको छ ।

उहाँको आरोहण दलमा १२ जना रहेको र स्वीस एभरेष्ट एक्स्पिडिसन स्प्रिङ्ग २००० नामक सो आरोहण दलको नेतृत्व कार्ल कोब्लरले गर्नुभएको थियो । विगतमा विभिन्न पर्वतीय चुचुरो तथा युरोपको आल्प्स पर्वतको सफल आरोहण गर्नुभएकी ३० वर्षीया सुश्री पेम्वा डो.मा चैत ३० गते सगरमाथा आरोहण गर्ने क्रममा आधार शिविरतर्फ प्रस्थान गर्नुभएको थियो ।

सम्पादक मण्डल : हरिप्रसाद श्रेष्ठ, रमेश तिवारी, सन्त सुब्बा, हरिवंश किरात, वमसिंह राणाभाट प्रकाशक नेपाल पर्वतारोहण संघ फोन नं. :४३४५२५
फ्याक्स : ९७७-१-४३४५७८ पो.व.नं.: १४३५ नागपोखरी, नक्साल मुद्रक : भेराइटी प्रिन्टर्स, काठमाडौं